सुशासन प्रवर्द्धन गरौं
- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितताविरुद्ध शुन्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- अनियमितताको कुनै सूचना भए नियमाकम निकायलाई जानकारी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय ‘क’ वर्ग

दैनिक

eprateekdaily.com

जनहितमा जारी सन्देश
- वर्षाका बेला टाढाको यात्रा गर्दा बाटोसम्बन्धी जानकारी लिएर मात्र हिंडौं,
- यात्राका लागि उपयुक्त सवारी साधन छनोट गरौं,
- खाना, नाश्ताको सकभर इन्तजाम गरेरै टाढाको यात्रामा निस्कौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ०३ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 19 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २

# प्रतीक दैनिकको ३८औं वार्षिकोत्सवमा सुबोध स्मृति पुरस्कार पत्रकार गुप्तालाई प्रदान




नगरप्रमुख सिंहद्वारा पत्रकार विमला गुप्ता, ग्रामीण संवाददाता धर्मेन्द्र चौरसिया र कर्मचारी महम्मद तौरेत हवारीलाई पुरस्कार वितरण गर्दै । तस्वीरः प्रतीक



प्रस, वीरगंज, २ भदौ/

प्रतीक दैनिकको ३८ औं वार्षिकोत्सवको अवसरमा शनिवार सुबोध स्मृति पुरस्कार प्रदान गरिएको छ ।

वीरगंज महानगर–१५ स्थित ज्येष्ठ नागरिक पार्कमा आयोजित कार्यक्रममा वीरगंज महानगरपालिकाका नगरप्रमुख तथा प्रमुख अतिथि राजेशमान सिंहले ५१ हजार राशिको सुबोध स्मृति पुरस्कार–२०८१ पत्रकार विमला गुप्ता प्रदान गरेका थिए ।

यसैगरी वार्षिकोत्सवको अवसरमा प्रतीक दैनिकसँग आवद्ध पोखरिया संवाददाता धर्मेन्द्र चौरसिया, स्तम्भकार कुमार रूपाखेती, कर्मचारी महम्मद तौरेत हवारीलाई क्रमशः नगद १५, १० र पाँच हजार राशिसहित प्रमाणपत्र नगरप्रमुख सिंह, प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, ज्येष्ठ नागरिक सङ्घका अध्यक्ष श्याम पोखरेललगायतले प्रदान गरेका थिए ।

कार्यक्रममा नगरप्रमुख सिंहले पत्रकारहरूले वीरगंजको विकासमा कलम चलाउनुपर्ने सुझाव दिए । उनले आफ्नो व्यक्तिगत कुरालाई उछालेर बदनाम गराउने काम भएको भन्दै आफूले गरेको गलत कामको विरोध गर्न आग्रह गरे ।

उनले आफूले गरेको गलत काम सुधार गर्ने बताउँदै कुनै पनि विकृति, विसङ्गतिविरुद्ध सशक्त आवाज उठाउनुपर्ने र त्यसको लागि तयार रहेको बताए । उनले कुनै पनि गलत काम नगरेको दाबी गर्दै त्यस्तो गरेको भए सम्बन्धित निकायमा उजूरी गरी कारबाई चलाउन सुझाए ।

फरक प्रसङ्गमा उनले वीरगंज महानगरलाई छवटै नगरपालिकामध्ये सबैभन्दा कम बजेट दिएर सरकारले हेपेको आरोप लगाए । उनले वीरगंजबाट देशको सबैभन्दा धेरै राजस्व सरकारलाई प्राप्त हुने तर महानगरलाई नै छवटै महानगरमध्ये सबैभन्दा कम बजेट विनियोजन भइरहेको भन्दै दुःखेसो पोखे । उनले कम्तीमा भरतपुर नगरपालिका सरहको पनि बजेट वीरगंजलाई दिनुपर्ने माग गरे । बजेट अभावमा पनि महानगरले थुप्रै विकास निर्माणको काम गर्न नसकेको नगरप्रमुख सिंहको भनाइ थियो । उनले विनियोजित बजेट ल्याउनको लागि पनि सम्बन्धित निकायमा कमिशन टक्र्याउनुपर्ने बाध्यकारी अवस्था अन्त्य हुनुपर्ने माग गरे ।

नगरप्रमुख सिंहले ज्येष्ठ नागरिक पार्क निर्माणको लागि भारत सरकारले सात करोड विनियोजन गरेको तर सरकारको उदासीनताको कारण सो काम अगाडि बढ्न नसकेको बताए । उनले यसका लागि ज्येष्ठ नागरिक र वीरगंजका पत्रकारहरू जागरूक हुनुपर्ने सुझाव दिए ।

नेपाल उद्योग वाणिज्य सङ्घ केन्द्रीय सदस्य सुबोध गुप्ताले पनि वीरगंजबाट सबैभन्दा बढी कुल राजस्वको ४५ प्रतिशत सरकारलाई प्राप्त भइरहेको तर वीरगंजको विकासमा सरकार उदासीन रहेको आरोप लगाए । उनले वीरगंजका उद्योगी व्यवसायीहरूले यहाँको पत्रकारिताको विकासको लागि पहल गर्नुपर्ने सुझाव दिए । पत्रकार र उद्योगी व्यवसायीबीच सहकार्य नहुँदा अहिलेसम्म पत्रकारिताको विकासको लागि उद्योगीहरू अगाडि आउन नसकेको उनको बुझाइ थियो ।

उनले आगामी दिनमा उद्योगी व्यवसायी र पत्रकारबीच समन्वयकारी भूमिका विकसित गर्नुपर्ने र त्यसको लागि आफूले पहल गर्ने बताए ।

ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले आफ्नो लेखनयात्रा प्रतीकबाट शुरू गरेको २० वर्ष बढी भएको बताए । विभिन्न कालखण्डमा प्रतीक दैनिकले पत्रकारिता पेशालाई मर्यादित गर्ने काममा अग्रसरता देखाउँदै आएको र आगामी दिनमा पनि यसले सोही किसिमको भूमिका निर्वाह गर्नुपर्ने बताए । सोही अवसरमा उनले आगामी वर्षदेखि प्रतीकको वार्षिकोत्सवमा आफ्नो स्व पिता चिरञ्जीवी कोइरालाको नाममा १५ हजार राशिको पुरस्कार थप गर्ने घोषणा गरेका थिए ।

ठाकुर राम बहुमुखी क्याम्पसका पूर्वप्रमुख डा उमेश चौरसियाले वीरगंजको पत्रकारितामा प्रतीक दैनिकको छुट्टै पहिचान भएको बताए । उनले प्रतीक दैनिकले सामाजिक रूपान्तरणको लागि संयमपूर्ण तरीकाबाट अहिलेसम्म विभिन्न

(बाँकी अन्तिम पातामा)

# पर्सा सुन चाँदी व्यवसायीमा भुलन साह पुनः निर्वाचित




प्रस, वीरगंज,२ भदौ/

पर्सा सुन चाँदी व्यवसायी सङ्घको अध्यक्षमा पुनः भुलन साह सोनार निर्वाचित भएका छन् । शनिवार राति सम्पन्न मतगणना अनुसार प्रवेश सर्राफलाई १३ मतान्तरले पराजित गर्दै भुलन विजयी भएका हुन् । सोनारले १६२ मत पाएका थिए भने सर्राफले १४९ मत पाएका थिए ।

सङ्घको १३ सदस्यीय कार्यसमितिमा एक उपाध्यक्ष र दुई सदस्यबाहेक सबै पदाधिकारी र सदस्यमा सोनारकै प्यानल निर्वाचित भएको छ । उपाध्यक्षमा सोनार समूहका कौशलकिशोर सर्राफ १४९ मतका साथ विजयी भए भने अर्को उपाध्यक्षमा सर्राफ समूहका जयप्रकाश सर्राफ १४४ मतले निर्वाचित भए ।

यसैगरी, महासचिवमा सोनार समूहका अनिलकुमार सर्राफ १७७ मत, सचिवमा विकास सर्राफ १४६ मत र कोषाध्यक्षमा विजयकुमार सर्राफ १५१ मतका साथ निर्वाचित भएका छन् । सदस्यहरूमा विजय सर्राफ, विजयकुमार सर्राफ, लक्ष्मण सर्राफ, मनोज साह, शशी सर्राफ, सुरज सर्राफ र पूजा देवी निर्वाचित भएका छन् ।

# यो सरकार धेरै दिन टिक्दैन– अध्यक्ष साह

प्रस, सर्लाही, २ भदौ/

आम जनता पार्टीका अध्यक्ष प्रभु



साहले नेपाली काङ्ग्रेस र नेकपा एमालेको दुई दलीय गठबन्धन धेरै दिन नटिक्ने बताएका छन् ।

सोमवार आजपाको सर्लाही जिल्ला भेलालाई मलङ्गवामा सम्बोधन गर्दै अध्यक्ष साहले आम जनादेशविपरीत सीमित नेताको स्वार्थमा बनेको काङ्ग्रेस र एमालेको दुई दलीय गठबन्धन धेरै दिन नटिक्ने दाबी गरे । उनले भने, यो गठबन्धन नै जनादेशविपरीत छ । केही सीमित नेताको स्वार्थका लागि बनेको गठबन्धन हो । वास्तवमा यो गठबन्धन होइन, ठगबन्धन हो ।

अध्यक्ष साहले भ्रष्ट नेताहरूको अन्त्य र आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि तेस्रो जनान्दोलनको विकल्प नभएको बताए । उनले दलाल

(बाँकी अन्तिम पातामा)

# क्वारेन्टाइनका प्रमुखको काज सरुवा भए पनि गएनन्

प्रस, परवानीपुर, २ भदौ/

प्लान्ट क्वारेन्टाइन कार्यालय, पर्साका




प्रमुख कुलदीप घिमिरे र उनी चढ्न कार । तस्वीरः प्रतीक

प्रमुख कुलदीप घिमिरेको सरुवा भए तापनि उनी सरुवा भएको कार्यालयमा हाजीर नभई वीरगंजमै मनपरी गरिरहेका छन् ।

वरिष्ठ बाली संरक्षण अधिकृत पदमा कार्यरत कार्यालय प्रमुख घिमिरेको गत जेठ २२ गते कृषि तथा पशुपक्षी मन्त्रालयमा काज सरुवा भएको थियो । मन्त्रालयको नियमविपरीत काम कारबाई गरेको र सूचना आदानप्रदानमा अविश्वास कायम गरेकोले उनलाई मन्त्रालयका सचिव डा दीपक खरालको सचिवस्तरीय बैठकबाट काज सरुवामा काठमाडौं बोलाउने निर्णय भएको थियो ।

सचिवस्तरीय निर्णयको बेवास्ता गर्दै उनले जथाभावी कार्यालय सञ्चालन गरिरहेको जनाइएको छ ।

मन्त्रालयको कर्मचारी प्रशासनका शाखा अधिकृत भविन्द्र कार्कीद्वारा हस्ताक्षरित सरुवापत्रमा उनको काज सरुवा गरिएको थियो । तर सोही बखत सरकार फेरबदल भएको र नयाँ मन्त्री आएपछि उनी आफ्नो काज सरुवा रोकाउन भरमग्दुर प्रयास गरिरहेका छन् । तर मन्त्रालयका सचिव खरालकै निर्णय कार्यान्वयनमा ढिलाइ हुँदा वीरगंज आसपासका व्यवसायी एवं कर्मचारीहरूसमेत असन्तुष्ट बनेको बुझिएको छ ।

कार्यालयबाट उपलब्ध गराइने सेवा सुविधामा पनि व्यवसायीहरूलाई दुःख दिने गरिएको कुरा कैयौंपटक व्यवसायीहरूले लिखितरूपमैं माथिल्लो निकायको ध्यानाकर्षण गराइसकेका छन् । काज सरुवा हुनुभन्दा पहिले उनी दक्षिण कोरियाको भ्रमण अवलोकनमा थिए । स्वदेश आएर एक हप्ता काठमाडौं बसेर सरुवा रोक्न चाजोपाँजो मिलाएर मन्त्रालयबाट एउटा कारसमेत वीरगंज ल्याएका थिए । र उनको गाडी पनि व्यक्तिगत काममा दुरुपयोग हुने गरेको कार्यालय स्रोतको दाबी छ ।

यस विषयमा कार्यालय प्रमुख घिमिरेले आधिकारिक रूपमा

(बाँकी पाँचौं पातामा)

# नौं महिलासहित ३७ जनाद्वारा रक्तदान




प्रस, वीरगंज, २ भदौ/

आइएमई लाइफ इन्स्योरेन्सको आयोजनामा शनिवार माईस्थानस्थित कार्यालयमा आयोजित रक्तदान कार्यक्रममा नौंजना महिलासहित ३७ जनाले रक्तदान गरेका थिए ।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले अन्जिला राना मगर, खुशबु गुप्ता, अनिता देवी, अल्का बोहरा, जुनु कार्की, दीपा चौधरी, सुस्मिता शिवाकोटी, कमला ढकाल नेपाल, सरस्वती खुलाल, पवन ठाकुर, सरोज रौनियार, सुग्रीम कुशवाहाले रक्तदान गरेको बताए ।

## विचारसार र सूक्तिहरू

हिम्मत चिकित्सकभन्दा कम हुँदैन। प्रत्येक दुःखमा तागतको औषधि दिन्छ।

| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुध्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# भारतको सफलता र अवसर

**भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) ले तेस्रो र अन्तिम विकास उडान अर्थात् सानो सेटेलाइट लन्च भेहिकल (एसएलएलभी)–डी ३ को सफलतापूर्वक प्रक्षेपण गरेको छ। यो एक महत्त्वपूर्ण उपलब्धि हो। पृथ्वीको अवस्था अध्ययन गर्ने उपग्रह (इओएस–०८) प्रक्षेपण गर्नका लागि 'सानो सेटेलाइट लन्च भेहिकल' (एसएलएलभी)–डी ३ नामक रकेटलाई सफलतापूर्वक उडाइएको हो। 'पृथ्वी अवलोकन उपग्रह' भनेको पृथ्वीको सतह, मौसम र अन्य तत्त्वको अध्ययन गर्न प्रयोग गरिने उपग्रह हो। यस उपग्रहलाई अन्तरिक्षमा पठाउनका लागि 'सानो सेटेलाइट लन्च भेहिकल' (एसएलएलभी) रकेट प्रयोग गरिएको हो। यस रकेटको आकार सानो छ, तर यसको कार्यक्षमता उच्च छ। 'तेस्रो र अन्तिम विकास उडान' भनेको यो सानो रकेटको भारतले गरेको तेस्रो परीक्षण हो। यसपटक इसरोले सानो रकेटको माध्यमबाट पृथ्वीको अध्ययन गर्ने उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ। यसले भविष्यका लागि नयाँ सम्भावनाका ढोकाहरू खुल्नेछन्।**

**यस अघि पहिलो र दोस्रो प्रक्षेपण गरिएको थियो। पहिलो प्रक्षेपण (एसएलएलभी–डी १), १८ सेप्टेम्बर २०२१ मा गरियो, तर यसले आंशिक सफलता मात्रै हात पार्न सक्यो। यसको उद्देश्य 'लन्च भेहिकल'को क्षमता परीक्षण गर्नुथियो। यस प्रक्षेपणमा 'आदित्य–एल' नामक उपग्रह प्रक्षेपण गरिएकोमा यो सूर्यको अध्ययनका लागि डिजाइन तयार पार्नमा सीमित रह्यो। यसको दुई वर्षपछि १० फेब्रुअरी २०२३ मा दोस्रो प्रक्षेपण (एसएलएलभी–डी २) गरियो। यस पटक 'आदित्य–एल' कै दोस्रो प्रक्षेपण गरिएको थियो। यसले सौर्यमण्डलको अध्ययन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्यायो। पहिलो र दोस्रो प्रक्षेपण उपग्रह र उपग्रह बोक्ने रकेट, दुवैको क्षमताको परीक्षण थियो। यो नयाँ प्रविधिको परीक्षण थियो। यी दुई प्रक्षेपणमा इसरोले यसमा असफलता र सफलता दुवैको अनुभव बटुल्यो। दोस्रो प्रक्षेपणसम्म परिष्कृत अनुभव हासिल गरिसकेका भारतले अन्ततः तेस्रो प्रक्षेपणमा 'पृथ्वी अवलोकन उपग्रह (इओएस–०८)' सफलतापूर्वक प्रक्षेपण गरेको छ। जसले 'सानो सेटेलाइट भेइकल' (एसएलएलभी) प्रणालीको स्थिरता र विश्वसनीयता प्रमाणित भएको छ। यसले भविष्यका मिसनहरूको लागि आधार तयार पार्नुका साथै आगामी प्रक्षेपणहरूमा सुधार ल्याउन मदत गर्नेछ।**

**यो सानो तर उच्च क्षमताको रकेट प्रणालीको प्रक्षेपण भारतबाहेक अमेरिका, रूस, चीन, इजरायल, जापानलगायत मुलुकले गरिसकेका छन्। यस सफलताले भारतलाई अन्तर्राष्ट्रिय अनुसन्धानमा महत्त्वपूर्ण उपलब्धि तथा नयाँ उचाइ हासिल भएको छ। अब भारत साना उपग्रहहरूको प्रक्षेपणमा आत्मनिर्भर हुँदै अन्तरिक्ष प्रक्षेपण क्षमतावान मुलुकमा सूचीकृत भएको छ। क्षमतावान साना सेटेलाइटहरूको सफल प्रक्षेपणले कम लागतमा, विश्वासनीय र नयाँ प्रकारका अनुसन्धान गर्न भारतको पहुँच पुग्यो। यसले भारतलाई अन्तर्राष्ट्रिय स्तरमा अन्तरिक्ष प्रविधिमा उच्च मान्यता प्रदान गर्दै अन्य अमेरिका, चीन, रूसलगायत मुलुकसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ। यसो हुँदा अन्तर्राष्ट्रिय मिसनहरूको साझेदारीमा भारतले पनि अवसर पाउने भयो। यस्ता अवसर र साझेदारीले भारतलाई अन्तर्राष्ट्रिय ग्राहकसम्म पुग्न तथा साना उपग्रह प्रक्षेपण सेवा प्रदान गर्न अन्तराष्ट्रिय बजारको ढोका खोल्नेछ।**

# साक्षरताको बदलिंदो परिभाषा

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**पूर्वीय मान्यता अनुसार शिक्षाले मुक्ति दिन्छ भन्ने कुरा नै मलाई नयाँ नेपालको लागि बढी उपयोगी लाग्छ। उसो त साक्षरता, शिक्षा र शिक्षकबारे दार्शनिक, सिद्धान्तकार र शिक्षाविद्हरूको आफ्नै मत र परिभाषा छ। हरेकले आआफ्नो तरीकाले परिभाषित गरेका छन्।**

कुनै समय साक्षरतालाई साहित्य र सिकाइसँग जोडेर हेर्ने गरिन्थ्यो। त्यस समयको बुझाइमा साक्षर भन्नाले 'टु बी फेमिलियर विद् लिटरेचर' वा 'वेल एजुकेटेड' भन्ने लाग्थ्यो। १९ औं शताब्दीको अन्त्यतिर साक्षरतालाई अक्षर पढ्ने र लेख्ने क्षमतासँग सम्बन्धित गरिएको पाइन्छ। त्यस समयमा साक्षरतालाई कुनै खास विधा वा विषयको ज्ञानसँग सम्बन्धित गराइन्थ्यो। साक्षर हुनु भनेको अङ्क र अक्षर चिन्नु मात्र हैन, यसलाई फराकिलोरूपमा हेर्नुपर्ने र भाषा र स्थान अनुसार यो फरक हुने भनाइ युनेस्कोको रहेको छ। यस प्रकार २० औं शताब्दीको बीचमा आइपुग्दा साक्षरता केवल अङ्क र अक्षरसँग मात्र सम्बन्धित नभएर विभिन्न विधासँग जोडिन पुगेको पाइन्छ। साक्षरताले मानिसको क्षमता विकास गर्ने मात्र नभई विभिन्न अवसरमा पहुँच स्थापित गर्दछ र त्यसलाई सामाजिक र प्रजातान्त्रिक पद्धतिमा आबद्ध गराई त्यसको अधिकतम उपभोग गर्न सक्ने बनाउनुका साथै आय आर्जनको ढोका समेत खोल्ने गर्छ। कतिपय विद्वान्हरूले साक्षरतालाई चेतना वृद्धि र विभिन्न प्रकारका दासताबाट मुक्ति पाउने माध्यमका रूपमा लिने गरेका छन्। त्यसैगरी साक्षरतालाई रोजगार र आर्थिक गतिविधिसँग जोड्नेहरू पनि छन्। तिनीहरू साक्षरताबाट मानिसलाई आय आर्जन र कार्यमूलक सीप प्रदान गर्नुपर्छ भन्ने सोच राख्छन्। यस प्रकार साक्षरता संस्कृति, राजनीति, अर्थ सबै विधासँग सम्बन्धित भएकोले यो सम्बन्धित विधाको अभ्यास र नीति निर्माण तहमा समेत पुगेको पाइन्छ।

आजकल साक्षरता पढाइ–लेखाइ र गणितमा मात्र सीमित नगरी यसमा अधिकार, दायित्व, सम्बन्ध र मनोरञ्जनसमेत थप गरी परिभाषित गर्ने गरिएको पाइन्छ। यसरी साक्षरतालाई विभिन्न आयामबाट हेर्ने गरिन्छ। साक्षरतालाई अधिकारको रूपमा, सबै प्रकारको सिकाइको आधारको रूपमा, व्यक्तिगत र सामाजिक विकासको जगको रूपमा, गरीबी निवारणको माध्यमको रूपमा, सहस्त्राब्दी विकास लक्ष्यको सशक्त माध्यमको रूपमा पनि लिइने गरिन्छ। सन् १९९८ मा युनेस्कोले साक्षरतालाई लेखाइ–पढाइ र गणितसँग सम्बन्धित गरी सामान्यतया पढ्न–लेख्न र दैनिक जीवनमा आइपर्ने गणीतीय जोडघटाउ गर्न सक्ने भनी परिभाषित गरेको पाइन्छ। नेपालको सन्दर्भमा सन् १९५६ निकै महत्त्वपूर्ण वर्ष हो किनभने यसै वर्ष साक्षरता शिक्षाको शुरूआत भएको थियो। हालसम्म प्रचलित साक्षरताको परिभाषा अनुसार 'प्रत्येक व्यक्तिले आफ्नो मातृभाषा वा राष्ट्रभाषामा पढाइ, लेखाइ वा अङ्कहरू र दैनिक जीवनमा प्रयोग हुने सामान्य हरहिसाब, कार्यमूलक विषय र दैनिक जीवनसँग सम्बन्धित साना वाक्यहरू बुझेर लेखपढ गर्न सक्ने, बुझेका कुरा एकआपसमा राम्ररी सम्प्रेषण गर्न सक्ने तथा साधारण हरहिसाब गर्न सक्ने बुझ्नुपर्छ। यस प्रकार पढ्न र लेख्न सक्ने क्षमता तथा लेखिएका कुरा अन्य व्यक्तिले अर्थपूर्ण ढङ्गबाट बुझ्न सक्ने गरी सञ्चार गर्न सक्ने सीपलाई नै सामान्य अर्थमा साक्षरता भनिन्छ। यद्यपि साक्षरतासम्बन्धी अवधारणा जटिल तथा बहुआयामिक रहेको विभिन्न अध्ययनबाट पाइन्छ। यसलाई भिन्न परिवेशमा विभिन्न तरीकाले व्याख्या र परिभाषित गरिंदै आएको छ। साक्षर वा निरक्षर भन्ने आम मानिसको बुझाइ तथा धारणालाई राष्ट्रिय परिवेश, सांस्कृतिक मूल्य–मान्यता तथा व्यक्तिगत अनुभवहरूले प्रभाव पारिरहेको हुन्छ। विश्वमा आएको सामाजिक, राजनीतिक, प्राविधिक र आर्थिक परिवर्तन तथा त्यससम्बन्धी गतिविधि र अभ्यासका कारण सारक्षरतासम्बन्धी बुझाइमा पनि परिवर्तन आएको छ। साधारण लेखपढ र हरहिसाब गर्न सक्नु, दैनिक जीवनमा आइपर्ने समस्या हल गर्न सक्नु, पेशागत नयाँनयाँ सूचना तथा जानकारी प्राप्त गरी जीवनोपयोगी बनाउन सक्नु नै साक्षरता हो भन्ने एउटा फराकिलो बुझाइ छ।

शिक्षाको समानार्थक अङ्ग्रेजी शब्द एजुकेशन हो। यो शब्द लैटिन भाषाबाट आएको हो। लैटिन शब्दको अर्थ सिकारुमा अन्तर्निहित प्रतिभा बाहिर ल्याउनु, विकसित गर्नुलाई शिक्षा भनिन्छ। सामान्यतया शिक्षा भनेको सिक्ने र सिकाउने प्रक्रियाद्वारा उत्तरदायित्व वहन गर्न सक्ने मानिस बनाउनका लागि ज्ञान, सीप र अभिवृद्धि प्राप्त गर्ने प्रक्रिया हो। शैक्षिक प्रक्रियाबाट ज्ञान, सीप र मूल्य एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुन्छ। शिक्षाको कारण नै मानिस सामाजिक, आर्थिक र सांस्कृतिकरूपमा सचेत बन्छ र दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न सक्षम हुन्छ। शिक्षालाई ज्ञान, पढाइने विषय र प्रक्रियाको रूपमा हेरिन्छ। उदाहरणका लागि कसैले स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको छ भने उसले उक्त तहको ज्ञान प्राप्त गरेको मानिन्छ। शिक्षालाई नै पठनपाठनको विषय बनाइएको छ भने त्यहाँ शिक्षा एउटा अध्ययनको विधा भयो। यसैगरी कुनै विषयवस्तु सिक्नका लागि जे जस्ता क्रियाकलाप अवलम्बन गरिन्छ त्यसलाई शिक्षाको प्रक्रियाको रूपमा लिइन्छ। शिक्षाले मानिसको सिकाइ प्रक्रियालाई बढाउने काम गर्दछ।

वर्तमान समय विज्ञान र प्रविधिको युग बन्न पुगेको छ। विज्ञान र प्रविधि हाम्रो जीवनको अभिन्न अङ्ग बनिसकेको छ। अहिलेको समयमा मानिसको बाँच्ने शैलीमा आएको व्यापक परिवर्तनको श्रेय नै विज्ञान र प्रविधिलाई जान्छ। मानव जीवनशैलीलाई गतिशील बनाउन सहयोग गर्ने साधन नै प्रविधि हो। प्रविधिको विकासले शिक्षा, सिकाइ र शिक्षण तीनवटै प्रक्रियामा परिवर्तन ल्याइदिएको छ। विभिन्न विद्वान्हरूले यही बदलिएको परिस्थितिको आलोकमा शिक्षाबारे भिन्न–भिन्न चिन्तन र मान्यता अगाडि ल्याइराखेका छन् र विगतको सिकाइ र बुझाइलाई परिष्कृत गर्दै लगेका छन्। शिक्षालाई बालबालिका र वयस्कहरूको प्रणालीगत जानकारी, पढाइ अर्थात् तालीम भनिएको छ। यो मान्यता अनुसार शिक्षालाई विस्तृतरूपमा परिभाषित गर्दा वयस्कले जीवनमा प्राप्त गरेका जानकारी, वा जनकारीको सम्पूर्ण भाग हो। कतिपयले जन्मदेखि मृत्युपर्यन्त पर्ने सबै प्रभावलाई शिक्षा भनेका छन् अर्थात् मानिसको हेराइ, बुझाइ र गराइमा आउने फेरबदललाई शिक्षासँग जोड्न पुगेका छन्। त्यसैले होला शिक्षालाई मानिसको पूर्ण विकास भनिएको छ। शिक्षाले मानिसको आन्तरिक शक्तिको स्वाभाविक, सुव्यवस्थित र प्रगतिशील विकास गर्छ भन्ने मानिएको छ।

शिक्षाको सन्दर्भमा महात्मा गाँधीको बुझाइ पनि कम रोचक र प्रेरक छैन। महात्मा गाँधीले शिक्षाबाट बालक र मानिसको शरीर, मन र आत्मामा रहेका असल कुरा सम्पूर्णरूपमा बाहिर ल्याउन सकिन्छ भनेका छन्। स्वामी विवेकानन्दले शिक्षाको उद्देश्य चरित्र निर्माण हुनुपर्छ भनेका छन्। व्यक्तिमा रहेका सम्भावनाहरू बाहिर ल्याउन सक्नुलाई नै शिक्षा मान्नुपर्छ भन्ने मान्यता बढेर गएको छ। शिक्षा एउटा प्रक्रिया भएको र यसले बालबालिकाको आन्तरिक गुण प्रकाशमा ल्याउने कुरामा विश्वास गर्दछ। यहींनिर पूर्वीय सभ्यता अनुसार हजारौं वर्ष पहिले 'सा विद्या या विमुक्तये' भन्ने दृष्टि ल्याइएको थियो। उपनिषद्का अनुसार शिक्षाले मानिसलाई मोक्ष प्राप्त गर्न सघाउँछ। नेल्सन मन्डेलाले भनेका छन् शिक्षा त्यस्तो सशक्त हतियार हो जसले संसार बदल्न सक्छ। शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया भएकोले मानिस पनि जीवनपर्यन्त सिकिरहेको हुन्छ। यस प्रकार मानिसको जन्म देखि मृत्युपर्यन्तका सम्पूर्ण सिकाइलाई तीन प्रकारमा छुट्याउन सकिन्छ। त्यो भनेको औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र अरीतिक शिक्षा हो। औपचारिक शिक्षामा साधारण शिक्षा र प्राविधिक शिक्षाका साथै व्यावसायिक तालीमहरू समावेश हुन्छन्। अरीतिक शिक्षा भनेको विनाउद्देश्य र विनापाठ्यक्रम दैनिक जीवनको अनुभवबाट सिक्ने शिक्षा हो। मानिसले दैनिक जीवनमा विभिन्न ज्ञानेन्द्रियहरूको प्रयोग गरी हेरेर, सुनेर, सुँघेर, चाखेर, छामेर जुन ज्ञान, सीप र धारणा प्राप्त गर्छ त्यही नै अरीतिक शिक्षा हो। अनौपचारिक शिक्षा भन्नाले विद्यालय संरचनाभन्दा बाहिरका निरक्षर, शिक्षाको अवसरबाट वञ्चित बालबालिका र युवाहरूलाई दिइने साक्षरता शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम भन्ने बुझिन्छ।

शिक्षाको बदलिंदो मान्यता र साक्षरताको बदलिंदो परिभाषाबारे यति गन्थनमनथन गर्नुको पछाडि हामीले नयाँ नेपालमा शिक्षासम्बन्धी कस्तो बुझाइ राख्ने ? शिक्षकबारे कस्तो धारणा राखिएको छ ? पूर्वीय मान्यता अनुसार शिक्षाले मुक्ति दिन्छ भन्ने कुरा नै मलाई नयाँ नेपालको लागि बढी उपयोगी लाग्छ। उसो त साक्षरता, शिक्षा र शिक्षकबारे दार्शनिक, सिद्धान्तकार र शिक्षाविद्हरूको आफ्नै मत र परिभाषा छ। हरेकले आआफ्नो तरीकाले परिभाषित गरेका छन्। अवश्य पनि ती परिभाषाहरू मननीय छन् तर मेरो व्यक्तिगत बुझाइ एउटा लामो समयदेखि शिक्षा विषयमा कलम चलाइराख्ने स्तम्भकारको रूपमा हेर्दा शिक्षाले मुक्ति दिन सक्नुपर्छ। त्यो मुक्ति भनेको अभावबाट, असमानताबाट, अवसरको वञ्चितिबाट मुक्त हुनु हो। शिक्षा प्राप्त गरिसकेपछि त्यो व्यक्ति स्वाभिमानी, स्वविवेकी, स्वावलम्बी, स्वाध्यायी बन्न सक्नुपर्छ। नयाँ नेपालमा शिक्षाबारे यस्तो दृष्टिकोण नराखेसम्म हामी विगतका विसङ्गतिबाट टाढा जान सक्दैनौं। यसैगरी एउटा शिक्षकको रूपमा करीब चार दशकको अनुभवबाट शिक्षण पेशालाई परिभाषित गर्दा पढेलेखेको व्यक्ति जागीरको सिलसिलामा शिक्षक पदमा आसीन हुँदैमा शिक्षक हुँदैन। शिक्षक हुन सबभन्दा बढी बालबालिकाप्रति समर्पण भाव हुनुपर्छ। शिक्षक त्यो हो, जसले हरेक बालबालिकालाई राम्ररी पढ्छ, बुझ्छ अनि उसको प्रतिभा, क्षमता र सम्भावना उजागर गर्ने अवसर निर्माण गर्न सतत प्रयत्नशील हुन्छ र सफल नभएसम्म प्रयत्न जारी राख्छ। एउटा शिक्षकमा समर्पण भाव मात्र पर्याप्त हुँदो रहेन छ। यससँगै विषयवस्तुको ज्ञान र प्रस्तुत गर्ने कला पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। यस आलेखमार्फत साक्षरता, शिक्षा र शिक्षकबारे परम्परागत बुझाइको जगमा उभिएर अलि उन्नत र परिष्कृत विमर्शतिर लम्किनु हो। कुनै पनि राष्ट्र र समाजका लागि शिक्षा प्राथमिक पक्ष हो तर विडम्बना के छ भने नयाँ नेपालको संविधान बनाउन लाग्दा शिक्षाबारे मूल बुझाइ नै अपूर्ण र एकाङ्गी छ।

# अधिकांश विद्यालयमा शिक्षक दरबन्दी न्यून

बरहथवा (सर्लाही), २ भदौ/रासस

सर्लाहीका अधिकांश विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीसमेत अभाव हुँदा पठनपाठन प्रभावित भएको छ। जिल्लाका अधिकांश विद्यालयमा न्यूनतम आवश्यकताभन्दा पनि धेरै कम शिक्षक दरबन्दी रहेको छ।

दरबन्दी अनुसार शिक्षक पर्याप्त नभएका कारण ५ कक्षासम्मका विद्यार्थीलाई दुई शिक्षकशिक्षिकाले पढाउनुपरेको गोडैता नगरपालिका–२, जयपुरमा रहेको जनता आधारभूत विद्यालयका प्रधानाध्यापक गर्बु महतोले बताए।

शिक्षा विकास तथा समन्वय एकाइका अनुसार शिक्षकको दरबन्दी न्यूनतम आवश्यकताको पनि आधाभन्दा कम रहेको पाइएको छ। यस जिल्लामा ४४७ वटा सामुदायिक, १९८ वटा संस्थागत र ७२ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेका शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्रमुख तारापति खरेलले जानकारी दिए।

जिल्लामा सङ्कलित विद्यालय र त्यसमा अध्ययनरत छात्रछात्राको अनुपातमा शिक्षक दरबन्दी निकै कम रहेको तथ्याङ्कले देखाएको छ। विद्यार्थी र विद्यालयको अनुपातमा कम्तीमा जिल्लामा दुवै प्रक्रियाबाट न्यूनतम ५,३२७ जना शिक्षक दरबन्दी आवश्यक रहेको कार्यालय प्रमुख खरेलले बताए। शिक्षक दरबन्दी अभावका कारण जिल्लामा अधिकांश विद्यालय सङ्कटमा परेका उनको भनाइ छ। आन्तरिक स्रोत जुटाउन सक्ने केही पालिकाले शिक्षक राखेका छन्।

जिल्लामा प्राविधिक धारतर्फ भने शिक्षक दरबन्दी आवश्यकता अनुसार नै रहेको उनले बताए। पशु विज्ञान, बाली विज्ञान, कम्प्युटर, सिभिल इन्जिनीयरिङ गरेर जिल्लामा नौवटा प्राविधिक धारतर्फका विद्यालयहरू छन्। त्यसका लागि ७३ वटा शिक्षक दरबन्दी रहेको छ। शिक्षक पर्याप्त नभएका कारण पठनपाठन प्रभावित हुने गरेको हरिपुर्वा नगरपालिकास्थित जनता माध्यामिक विद्यालयका छात्र रामविश्वास रायले गुनासो गरे। "विद्यालयमा सधैं शिक्षक अभाव हुन्छ। हामीले किताब पढ्नै नपाई परीक्षा दिनुपरेको छ"–उनले भने।

यस्तै, सुस्त श्रवण पाँच, सुस्त मनस्थिति तीन र दृष्टिविहीनका लागि एक विद्यालय सञ्चालित छन्। दशवटा माविमा नमूना कार्यक्रम सञ्चालन भइरहेको शिक्षा समन्वय कार्यालय मलङ्गवाका प्राविधिक सहायक सुनीलप्रसाद कुशवाहले जानकारी दिए। २०५८ सालमा कायम भएको स्वीकृत शिक्षक दरबन्दी र २०६७ सालमा कायम राहत अनुदान शिक्षक दरबन्दीकै भरमा विद्यालयमा पठनपाठन गराउनुपरिरहेको बागमती नगरपालिका–२, घरहरामा रहेको जन बाल कल्याण माविका प्रधानाध्यापक प्रकाशबहादुर जिम्बाको भनाइ छ। त्यसयता विद्यालयको स्तरोन्नति तथा विद्यार्थीको अनुपातमा भएको वृद्धिका कारण थोरै दरबन्दीमा पठनपाठन सकसपूर्ण भएको उनले बताए।

तीनै सरकार शिक्षा क्षेत्रमा भएको समस्या समाधानमा उदासीन देखिएका शिक्षासेवी तथा नागरिक समाजका अगुवा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

मितिः २०८१/०५/३

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लिखित तपाईं ऋणीहरूले कर्जा उपभोग गर्दै आउनुभएकोमा उक्त कर्जाको यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटकपटक लिखित एवं मौखिकरूपमा सूचना गरी तरताकेता गर्दासमेत ऋण कर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र वित्तीय संस्थामा उपस्थित हुनुभई तपाईं ऋणीले बुझाउनुपर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुरसमेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनुहुन सूचित गरिन्छ। अन्यथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा धितो गैरबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधिलगायत प्रचलित कानूनबमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नाम : निर्मला तामाङ**<br>ससुरा : धनमान लामा<br>पति : तेम्बा लामा<br>स्थायी ठेगाना : ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं. ६<br>हालको ठेगानाः ललितपुर जिल्ला ललितपुर म.न.पा.वडा नं. २६<br>ना.प्र.नं.: १००२६०<br>जारी मिति : २०५६/०३/०९, जिल्ला : ललितपुर<br><br>**धितोको विवरण**<br>निर्मला तामाङको नाममा रहेको जि. काभ्रेपलान्चोक महादेवस्थान न.पा-०९ स्थित कि.नं. २७४५ र २७४६, क्षेत्रफल क्रमशः १-८-१-१ र ०-९-१-० ( रोपनी) जग्गा तथा सो को सम्पूर्ण लिगलगापात समेत । | आवास कर्जा,<br>विपन्न वर्ग कर्जा<br>पुतलीसडक शाखा | **नाम : तेम्बा लामा**<br>बाबु : धनमान लामा<br>बाजे : सुरविर लामा<br>स्थायी ठेगाना : दोलखा जिल्ला पवति-०५<br>हालको ठेगानाः ललितपुर जिल्ला ललितपुर म.न.पा.वडा नं. २६, ना.प्र.नं.: १२६७/२५३१,<br>जारि मिति : २०५१/०१/१३ दोलखा<br><br>**नाम : सुरेन्द्र तमाङ्ग**<br>बाबु : टिकाबहादुर तमाङ्ग<br>बाजे : जितबहादुर तमाङ्ग<br>स्थायी ठेगाना : दोलखा जिल्ला शहरे-०४<br>हालको ठेगानाः दोलखा जिल्ला शहरे-०४<br>ना.प्र.नं.: २२३०५२/९२<br>जारि मिति : २०६३/१०/१० दोलखा |
| **नाम : उर्वशी भेटुवाल**<br>बाजेः खड्ग विलास भेटुवाल<br>बुवाः पुलराज भेटुवाल<br>स्था ठेगानाः सुनखानी - ०३, नुवाकोट<br>हालको ठेगानाः टोखा-०८, काठमाण्डौँ<br>नागरिकता नं. २५१०४१/७९ जारी मिति : २०६५/०९/१३ जिल्ला : नुवाकोट | सहुलियतपुर्ण कर्जा<br>पुतलिसडक | **नाम : निराजन लामिछाने**<br>बाजेः टंक प्रसाद लामिछाने<br>बुवाः भरत प्रसाद लामिछाने<br>स्थायी ठेगानाः नुवाकोट जिल्ला, थान्सिङ गा.वि. वडा नं-०२<br>हालको ठेगाना : टोखा-०८, काठमाण्डौं<br>ना.प्र.नं : १११५०१ जिल्लाः नुवाकोट<br>जारी मिति : २०६३/०६/२९ |
| **नाम : सागर तिलिजा**<br>बाजेः तिर्ता सिंह तिलिजा<br>बुवाः घलु तिलिजा<br>ना.प्र.नं. ८०९२<br>स्थायी ठेगाना : सिख ०६, म्याग्दी<br>हालको ठेगानाः महा लक्ष्मी १४, ललितपुर<br>जिल्ला र मिति, म्याग्दी, २०६२/७/३ ललितपुर<br><br>**धितोको विवरण**<br>Foton View CS2L (19 SEATER)<br>Engine number: 76821226<br>Chassis no: LVCB2NBA6MS011552<br><br>**व्यक्तिगत जमानी दिनेको विवरण**<br>**नाम : आरजु तिलिजा**<br>बाजेः घलु तिलिजा<br>बुवाः सागर तिलिजा<br>स्थायी ठेगाना : अन्नपूर्ण- ५, म्याग्दी<br>हालको ठेगाना : महालक्ष्मी -१४, ललितपुर<br>ना.प्र.नं. ४९/०१/७८/०२७२४<br>जिल्लाः म्याग्दी, जारी मितिः २०७८/०९/०७ | हाय र पर्चेज कर्जा<br>पुतलिसडक | **नाम : विनोद प्रसाद अधिकारी**<br>बाजेः गणेश प्रसाद अधिकारी<br>बुवाः धर्म प्रसाद अधिकारी<br>स्थायी ठेगाना : काभ्रे जिल्ला दाप्चा उ.म.न.पा./गा.वि.स. वडा.न.(८ परिवर्तित नमोबुद्ध न.पा. वडा नं ८<br>हालको ठेगाना : धापासी, टोखा न.पा. वडा नं. ६ काठमाडौं।<br>ना.प्र.नं २८५८५, जिल्ला : काभ्रे<br>जारी मिति : २०४५(०३(१३<br><br>**नाम : शान्ति नेगी**<br>ससुराः घलु तिलिजा<br>पतिः सागर तिलिजा<br>स्थायी ठेगाना : छतीवन ०२ , मकवानपुर<br>हालको ठेगानाः महालक्ष्मी १४, ललितपुर<br>ना प्र न : ३११००५/५२७८५, मकवानपुर<br>जारी मितिः २०६५/०७/०३<br><br>**नाम : कमल तिलिजा**<br>बाजेः तिर्ता सिंह तिलिजा<br>बुवाः घलु तिलिजा<br>स्थायी ठेगाना : सिख ०६, म्याग्दी<br>हालको ठेगाना : महालक्ष्मी- १४, ललितपुर<br>ना प्र न. ६१२१७ जिल्लाः म्याग्दी<br>जारी मिति : २०५२/०५/०८ |
| **नाम : पुष्पा किचन सप्लायर्स**<br>दर्ता नंः ६२४१/२१२/०७३/०७४<br>पान नः ६०५०६५०२२<br>रजिष्टर्ड ठेगानाः हेटौडा ०३, मकवानपुर<br>प्रोपाईटरको नाम : लालती देवी<br>स्थायी ठेगानाः कटहरिया-०९, रौतहट<br>हालको ठेगाना : हेटौडा-०२, मकवानपुर<br>नागरिकता न : ११५०, रौतहट, २०६३।१२।०२<br><br>**धितोको विवरण**<br>लालती देवीको नाममा रहेको जिल्ला रौतहट कटहरीया -०४ स्थित कि.नं. ३१५९, क्षेत्रफल ०-०-७.१३-० घर समेत ।<br><br>**व्यक्तिगत जमानी दिनेको विवरण**<br>नाम : रबिशंकर दास कथबनिया<br>बाजेः ननदलाल दास कथबनिया<br>बुवाः हरि राम दास कथबनिया<br>ना प्र नं.३२-०१-७३-०६८०० जिल्ला रौतहट जारी मिति २०७३/०८/१६<br>स्थायी ठेगाना : कटहरिया -०९, रौतहट<br>हालको ठेगाना : हेटौँडा-०२, मकवानपुर | ब्यवसायिक आवधिक<br>कर्जा हेटौंडा | **नाम : लालती देवी**<br>ससुराः नन्दलाल दास कथबनिया<br>पतिः हरि राम दास कथबनिया<br>ना प्र नं.११५०, जिल्ला रौतहट<br>जारी मिति २०६३/१२/०२<br>स्थायी ठेगाना : कटहरीया -०९, रौतहट<br>हालको ठेगाना : हेटौंडा-०२, मकवानपुर<br><br>**नाम : हरि राम दास कथबनिया**<br>बाजेः मुख लाल दास कथबनिया<br>बुवाः नन्दलाल दास कथबनिया<br>ना प्र नं. ६६५१ जिल्ला रौतहट<br>जारी मिति २०४५/०२/०५<br>स्थायी ठेगाना : पिप्रापोखरिया -०८, रौतहट<br>हालको ठेगाना : हेटौंडा-०२, मकवानपुर<br><br>**नाम : मणि शंकर बनिया**<br>बाजे : नन्दलाल दास कथबनिया<br>बुवाः हरि राम दास कथबनिया<br>ना प्र नं. ३२-०१-७६-०३३५० जिल्ला रौतहट<br>जारी मिति २०७६/०४/१२<br>स्थायी ठेगाना : कटहरिया -०५, रौतहट<br>हालको ठेगाना : हेटौंडा-०२, मकवानपुर |


# "रेडिमेड"ले विस्थापित गऱ्यो हातले बुन्ने राखी

वीरगंज, २ भदौ/रासस

वीरगंज महानगरपालिका-२ छपकैयाका राजु श्रीवास्तवले दुई दशक अघिसम्म आफ्नै हातले बुनेका रक्षाबन्धन दिन मनाउने गरिन्छ। तराई-मधेसमा दिदीबहिनीले आफ्ना दाजुभाइको दाहिने नारीमा कलात्मक ढङ्गले बनाएको राखी लगाइदिने चलन रहेको छ। छ। "अहिले यहाँका जो पनि रक्सौल नै किनमेलका लागि जान्छन्, उतैबाट राखीको सामान किनेर ल्याउँदा पनि समस्या भइरहेको छ"-उनी भन्छन्-



पर्साको पोखरियामा बेच्न राखिएको राखी। तस्वीरः धर्मेन्द्र चौरसिया

(धागोका डोरा-राखी) बेच्ने गर्थे। श्रीवास्तव हातले विशेष खालको फोममा रङ्गीचङ्गी धागोको सहायताले रक्षाबन्धन तयार पारेर बेच्थे। समय बितेसँगै अहिले उनको परिवारले हातले राखी बनाउन छाडिसकेको छ।

बजारमा आउने थरीथरीका रङ्गीचङ्गी राखीसँग हातले बुनेको राखीले प्रतिस्पर्धा गर्न नसकेसँगै बनाउन छोडेको उनी बताउँछन्। "पहिले हातले आफैं राखी बनाएर बेच्ने गर्थ्यौं, हाम्रो पुस्तैनी पेशा पनि राखी बनाउने थियो। त्यो बेला विशेष खालको फोममा विभिन्न बुट्टेदार रङसहितको धागोले राखी तयार पार्ने गर्थ्यौं।"

उनी बजारमा आउने कलात्मक र रङ्गीचङ्गी 'रेडिमेड' राखीसँग हातले बुनेर तयार पार्ने राखीले प्रतिस्पर्धा गर्न नसकेर बन्द गर्नुपरेको गुनासो गर्छन्। अहिले श्रीवास्तव आफैं नेपाल-भारतको सीमावर्ती बजार रक्सौलबाट किनेर ल्याएका राखी वीरगंजको गहवामाई मन्दिर प्राङ्गणमा बिक्री गरिरहेका छन्।

यस वर्ष रक्षाबन्धन पर्व भदौ ३ गते परेको छ। यो पर्व साउन शुक्ल पूर्णिमाका

"अहिले बजारका रङ्गीचङ्गी रक्षाबन्धनले हातले मेहनत गरेर बुनेका रक्षाबन्धनलाई विस्थापित गऱ्यो, त्यसैले अहिले बजारमा पाइने रेडिमेड रक्षाबन्धन ल्याएर बिक्री गर्दै आइरहेका छौँ।" उनको अनुभवमा पहिलेजस्तो राखी किनमेलमा पनि सर्वसाधारणको रुचि कम हुँदै गइरहेको छ। "अहिले अधिकांश मधेसका युवा खाडी मुलुकमा कामको खोजीमा गएका छन, दिदीबहिनीले पनि दाजुभाइ यहाँ नभएपछि कसका लागि राखी किन्ने ?"

श्रीवास्तव जस्तै वीरगंजको माईस्थानमा मौसमीरूपमा बर्सेनि राखीको व्यापार गर्दै आएका नन्दु साह पनि राखीको व्यापार घटेको बताउँछन्। "पहिले दिनकै रु १० हजारभन्दा धेरैको राखी बेचिन्थ्यो"-विगत स्मरण गर्दै भने- "अहिले दुई हजारको राखी बेच्न पनि मुश्किल भइसक्यो।"

साहका अनुसार नेपाल-भारत सीमावर्ती बजार रक्सौलमा नै अधिकांश वीरगंजवासी खाद्यान्न, लत्ताकपडा र अन्य सामग्री किनमेल गर्न जाँदा राखी पनि किनेर आउँदा यहाँको व्यापार घटेको

"अर्कोतर्फ वीरगंजको गल्लीगल्लीमा सबैले राखीको मात्रै व्यापार गर्दा पनि समस्या भएको हो।"

यस वर्ष रु ५० हजार रकम खर्चेर विभिन्न थरीका राखी बिक्री गर्न ल्याएको उनी सुनाउँछन्। उनले भने-"अहिले सबै राखी बिक्री हुन्छ कि हुँदैन शङ्का छ।" उनका अनुसार वीरगंजको पुरानो मीनाबजार, गहवामाई मन्दिर परिसर, बिर्तालगायत ठाउँमा राखीको धेरै व्यापार हुने गर्छ।

"पहिले-पहिले राखीको व्यापार गर्ने व्यापारी पनि कम हुन्थे, अहिले जो पनि व्यापार गर्न सक्ने भएकोले बिक्री घटेजस्तो लाग्छ"-उनी भन्छन्। वीरगंज महानगरपालिका-६ गहवामाईका राज सिंह पनि राखीको पर्याप्त व्यापार नभएकोमा दुःखी छन्।

"पहिलेजस्तो राखी किन्ने मान्छेको उत्साह खासै देखिएको छैन"-उनी भन्छन्-"आज दिनभर र भोलि अपराह्न २ बजेसम्म बिक्री हुन्छ।" वीरगंज आसपासको बजारमा अहिले रु पाँचदेखि रु २५० मूल्य पर्ने राखी उपलब्ध छ।

# बढ्यो विप्रेषण आप्रवाह, शोधनान्तर स्थिति पाँच खर्ब बचतमा

काठमाडौं, २ भदौ/रासस

मुलुकको अर्थतन्त्रका बाह्य सूचक बलियो देखिएका छन्।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८०-८१ को वार्षिक तथ्याङ्कमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार विप्रेषण आप्रवाह अघिल्लो आवभन्दा बढेको छ। विदेशी मुद्रा सञ्चिति सन्तोषजनक अवस्थामा छ भने शोधनान्तर स्थिति रु पाँच खर्बभन्दा बढीले बचतमा छ। आयात र निर्यात दुवै घट्दा वैदेशिक व्यापार घाटा अघिल्लो आवको तुलनामा घटेको छ।

नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०८०-८१ मा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु १४ खर्ब ४५ अर्ब ३२ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष विप्रेषण आप्रवाह २३.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.५ प्रतिशतले वृद्धि भई रु १० अर्ब ८६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो।

गत आवमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिने नेपालीको सङ्ख्या चार लाख ६० हजार एक सय तीन र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ८१ हजार एक सय ९९ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः चार लाख ९७ हजार सात सय चार र दुई लाख ७७ हजार दुई सय ७२ रहेको थियो।

राष्ट्र बैंकका अनुसार गत आवमा खुद ट्रान्सफर १४.७ प्रतिशतले वृद्धि भई रु १५ खर्ब ७१ अर्ब २४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२.५ प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष २०८०-८१ मा चालू खाता रु दुई खर्ब २१ अर्ब ३४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालू खाता रु ४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो। गत आवमा पूँजीगत ट्रान्सफर २२.९ प्रतिशतले कमी आई रु पाँच अर्ब ८१ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु आठ अर्ब ४० करोड कायम भएको छ। अघिल्लो वर्ष पूँजीगत ट्रान्सफर रु सात अर्ब ५४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु छ अर्ब १७ करोड रहेको थियो।

गत आर्थिक वर्षमा शोधनान्तर स्थिति रु पाँच खर्ब दुई अर्ब ४९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु दुई खर्ब ८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो। विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड कायम भएको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा २०८१ असार मसान्तमा ३७.४ प्रतिशतले वृद्धि भई रु १८ खर्ब ४८ अर्ब ५५ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८१ असार मसान्तमा ०.५ प्रतिशतले कमी आई रु एक खर्ब ९२ अर्ब ५५ करोड पुगेको छ। गत असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.५ प्रतिशत रहेको छ।

गत आर्थिक वर्ष २०८०-८१ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५.६ महीनाको वस्तु आयात र १३ महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ।

गत असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्रा प्रदायकसँगका अनुपात क्रमशः ३५.८ प्रतिशत, १०८.६ प्रतिशत र २९.३ प्रतिशत रहेका छन्। विसं २०८० असार मसान्तमा यी अनुपातहरू क्रमशः २८.८ प्रतिशत, ८३ प्रतिशत र २५ प्रतिशत रहेका थिए। गत असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु २१ खर्ब ७६ अर्ब ९८ करोड तथा दायित्व रु १८ खर्ब ९० अर्ब ६० करोड रहेको छ।

# रकम माग गरेको आरोपमा दुई युवक पक्राउ

जलेश्वर (महोत्तरी), २ भदौ/रासस

जलेश्वर नगरपालिका-५ बस्ने गफुर राइनसँग अवैधरूपमा रकम माग गरेको आरोपमा प्रहरीले दुईजना युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जिल्लाको रामगोपालपुर नगरपालिका-५ घर भई जलेश्वरमा डेरा गरी बस्ने २४ वर्षीय सुनीलकुमार राउत र १९ वर्षीय करण मण्डल रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले बताए। केही दिनदेखि गफुरलाई दुवै युवकले बाटोमा भेटेर चिठ्ठी दिएको र त्यसमा रु ९२ हजार माग गरेको र पैसा मागेर धम्की दिने गरेपछि गफुरले प्रहरीमा जानकारी दिएका थिए।

सोही जानकारीका आधारमा प्रहरीले शनिवार दुवै युवकलाई जलेश्वर-१ स्थित महादेव मन्दिर परिसरबाट पक्राउ गरेको हो। पक्राउ गरिएका दुवै युवकमाथि आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

# जनै पूर्णिमा र रक्षा बन्धन: नालीबेली

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com

**पुराना ग्रन्थको अध्ययनले यो पर्व पढाइसँग जोडिएको देखाए पनि अहिले त्यसको अंश पनि बाँकी छैन । वैदिक अध्ययनको परम्परा त ईस्वी सन् शुरू हुनु अघिबाटै कमजोर बन्न थालेको सङ्केत विभिन्न शास्त्रमैं उल्लेख भएका कुराबाट थाहा पाइन्छ ।**

नेपाल विविध र अनुपम भूगोल र समृद्ध जैविक विविधताले भरिपूर्ण प्राकृतिक सौन्दर्यले भरिभराउ मुलुक हो। समृद्ध संस्कृति र परम्पराको आशीर्वाद प्राप्त मुलुक हो नेपाल । अर्थात् नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो ।

नेपाल हिन्दू, बौद्ध, मुस्लिम, इसाई, सिख र किराँतीलगायत धेरै धर्म समूहको घर हो । यी प्रमुख धार्मिक समूहहरू मात्र हुन; नेपालका ३६ विभिन्न जातजातिले आआफ्नो विशिष्ट रीतिरिवाज र संस्कृति अँगालेका छन् र आआफ्नै जातीय भाषा बोल्छन् ।

नेपालमा फरक–फरक जातजातिले आआफ्नो तरीकाले चाडपर्व मनाउने गर्छन् । जनै पूर्णिमा हिन्दू, बौद्ध र जैन धर्मावलम्बीहरूले मनाउने पवित्र धागो पर्वको रूपमा प्रख्यात छ । जनै पूर्णिमा अर्थात् क्वाँटी खाने दिन नेपालका प्रायः सबै परिवारले मनाउने हिन्दू चाड हो । नेपाली क्यालेन्डर अनुसार यो पर्व श्रावण वा भाद्र शुक्ल पूर्णिमाका दिन पर्छ । विभिन्न क्षेत्रका विभिन्न जातजातिले यो पर्व आआफ्नै तरीकाले मनाउँछन् ।

ब्राह्मण र क्षत्री जातिले जनै पूर्णिमा मनाउँछन् । तराई क्षेत्रमा बसोवास गर्ने मानिस यो पर्वलाई रक्षाबन्धन वा राखी बाँध्ने दिनको रूपमा मनाउँन् । त्यसैगरी नेपालका नेवार समुदायले यो दिनलाई क्वाँटी पूर्णिमाका रूपमा मनाउँछन् ।

**जनै पूर्णिमा कसरी मनाइन्छ ?**

जनै पूर्णिमा हिन्दू धर्मको सबैभन्दा पवित्र र महत्त्वपूर्ण चाड हो। यस पर्वले पवित्रता र सुरक्षाको बन्धन जनाउँछ । जनै भनेको पवित्र धागो र पूर्णिमा भनेको पूर्णिमाको जून हो ।

यस दिन ब्राह्मण र क्षत्री हिन्दू नेपाली पुरुषहरूले वार्षिकरूपमा जनै परिवर्तन गर्ने अनुष्ठान गर्छन् । जनै हिन्दू पुरुषहरू, विशेषगरी ब्राह्मण र क्षत्रीहरूले शरीरमा लगाउने कपासबाट बनेको पवित्र धागो हो । वाग्मती वा विष्णुमती वा नजीकैका नदीहरूमा स्नान गरेपछि यो पवित्र धागो परिवर्तन गर्छन् । यो धागो व्रतबन्ध नामक धार्मिक समारोह गर्ने पुरुषहरूले मात्र लगाउँछन् । व्रतबन्ध एउटा हिन्दू समारोह हो जुन प्रतीकात्मक प्रतिनिधित्वको रूपमा प्रदर्शन गरिन्छ कि केटाको अध्ययन आरम्भ गर्ने उमेर भयो ।

जनै हरेक दिन र जीवनभर लगाउनु पर्छ र धर्मको अपमान गर्नुहुँदैन । जनैमा शरीर, वाणी र मनको प्रतीक हुनेगरी तीनवटा डोरीहरू हुन्छ र तीनवटा गाँठोले बाँधेर लगाउनेले प्रत्येक प्रतीकमाथि पूर्ण नियन्त्रण प्राप्त गरेको हुनुपर्छ भन्ने मान्यता परापूर्वकालदेखि रहँदै आएको छ । जनै पूर्णिमाका दिन स्नान गरी सप्तऋषि र पितृ र पुर्खाहरूलाई प्रसाद चढाउँछन् र शरीर, वाणी र मनमा पूर्ण नियन्त्रण भएको विश्वासका साथ नयाँ जनै लगाउँछन् ।

जनै नलगाउने अन्य समुदायका मानिसहरूले पण्डितबाट नारीमा 'डोरो' (रंगीन धागो) लगाउँछन् । पवित्र धागो सुरक्षाको लागि लगाइन्छ भन्ने विश्वास छ । केही महीनापछि तिहारको तेस्रो दिन त्यो धागो गाईको पुच्छरमा बाँध्ने चलन छ। यो अनुष्ठान मृत्युपछि स्वर्गमा सुरक्षित मार्गको लागि गरिन्छ । मानिसको मृत्यु भएपछि गाईले बैतरणी नदी तार्ने हुनाले गाईको पुच्छर समात्ने जन विश्वास छ ।

जनै पूर्णिमाको अवसरमा ललितपुरको पाटनस्थित कुम्भेश्वर मन्दिरमा हजारौं भक्तजनको घुइँचो लाग्ने गर्छ । मन्दिरको एउटा कम्प्लेक्समा अवस्थित छ जसमा अन्य संरचनाहरू जस्तै बङ्गलामुखी, उन्मत्त भैरव र दुई हिटी पोखरी समावेश छन् । पोखरीमा आउने पानीको मुहान गोसाईंकुण्डको पवित्र तालबाट निस्कने जनविश्वास रहेको छ । गोसाईंकुण्ड काठमाडौंबाट ४३ किलोमिटर उत्तरमा अवस्थित छ। जनै पूर्णिमामा सो पोखरीमा नुहाउनु भनेको गोसाईंकुण्डमा नुहाउनुजस्तै हो भन्ने जनविश्वास छ। वीरगंजको कुरा गर्दा, यहाँको प्रसिद्ध गहवामाई मन्दिरमा भक्तजनको भीड लाग्ने गर्छ ।

इतिहासकार महेशराज पन्त भन्छन्–



जीतपुरसिमरा उपमनपा–७ जीतपुरमा राखी बेच्दै महिला । तस्वीरः नरेश यादव

"मेरो अध्ययनमा मैले के पाएको छु भने ऋग्वेदी अर्थात् ऋग्वेदलाई मान्ने, यजुर्वेदी अर्थात् यजुर्वेदलाई मान्ने र अथर्ववेदी अर्थात् अथर्ववेदलाई मान्नेले खासगरी श्रावण शुक्ल पूर्णिमालाई मान्छन् । सामवेदी अर्थात् सामवेद मान्नेहरूको चलन भने अलि फरक छ। उनीहरू भाद्र शुक्ल तृतीया, हस्त नक्षत्र परेका दिन जनै मन्त्रने, लगाउने र डोरो बाँध्ने गर्छन् । अहिले पनि केही त्रिपाठी ब्राह्मण परिवारले त्यसलाई निरन्तरता दिएका होलान् भन्ने मलाई लाग्छ । नेपाली साहित्य क्षेत्रका एकजना चर्चित व्यक्तित्व वासुदेव त्रिपाठी र उनको परिवार पनि सामवेदी हुन् ।

**पढाइसँग जोडिएको चाड**

महेशराज पन्त फेरि भन्छन् धेरैलाई अचम्म लाग्ने कुरा के हो भने जनैपूर्णिमा भनेको जनै लगाउने वा डोरो बाँध्ने पर्वभन्दा पनि बढी पढाइसँग जोडिएको चाड हो । 'उपाकर्म' लाई उपाकरण पनि भनिनथ्यो । यसलाई पूरा रूपमा भन्दा 'छन्दसामुपाकर्म' भनिन्छ ।

'उपाकर्म'को अर्थ कुनै पनि कामको थालनी गर्नु भन्ने हुन्छ । शास्त्रहरूमा 'अध्यायोपाकर्म' र 'स्वाध्यायोपाकर्म' जस्ता शब्द पनि प्रचलनमा छन् । 'छन्दसामुपाकर्म'को अर्थ 'वेदहरूको अध्ययनको थालनी' हुन जान्छ ।

शास्त्रहरूमा यसबारे उल्लेख भएको देख्दा 'उपाकर्म' वैदिक कालमैं शुरू भएको जस्तो लाग्छ । 'उपाकर्म' र 'उत्सर्जन' अर्थात् पढाइ रोक्ने काम कहिले गर्ने भन्ने विभिन्न शास्त्रमा उल्लेख गरिएको पाइन्छ। उदाहरणका लागि श्रावण शुक्ल पूर्णिमामा श्रवण नक्षत्र परेका बेला उपाकर्म गर्नू भनेर 'पारस्करगृह्यसूत्र' मा लेखिएको छ ।

अन्य 'गृह्यसूत्रहरूमा पनि 'उपाकर्म' र 'उत्सर्जन'बारे उल्लेख भएको छ र धेरैमा कि श्रावण शुक्ल पूर्णिमा वा भाद्र शुक्ल पूर्णिमामा निश्चित नक्षत्र परेको अवस्थालाई उपयुक्त ठहर गरिएको छ ।

ती ग्रन्थहरूमा बढीमा ६ महीनासम्म वेद पढाएर त्यसपछि 'उत्सर्जन' गर्न भनिएको छ र त्यसका लागि पनि कुन तिथि र कुन नक्षत्र परेको अवस्था उपयुक्त हुन्छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ। 'उपाकर्म'का बेला नयाँ विद्यार्थीहरू गुरुकुल गएर पढाइ आरम्भ गर्थे ।

पुराना विद्यार्थी चाहिं अहिलेको भाषामा वा अङ्ग्रेजीमा भन्नुपर्दा 'रिफ्रेसर कोर्स' लिन्थे । त्यस्तो 'रिफ्रेसर कोर्सु' दुई महीनासम्म चल्थ्यो ।

गुरुकुल शिक्षामा आफूले पढेको कुरा आजन्म स्मरणमा रहनुपर्छ भन्ने मान्यता थियो । सोही मान्यता अनुरूप पुराना विद्यार्थी पनि यसै दिनदेखि पढिसकेको कुरा दोहोऱ्याउन जान्थे । दोहोऱ्याएर पढ्नु भन्ने बुझाउनका लागि नेपाली भाषामा 'उध्रनु' भन्ने शब्द भएकोले पनि पढेको कुरा उपस्थित राख्नुको कति महत्त्व थियो भन्ने स्पष्ट हुन्छ ।

त्यस बेला पढेको कुरा सम्झनुपर्ने बाध्यता किन पनि थियो भने बारम्बार शास्त्रार्थ हुन्थे र त्यसका लागि विद्वान्हरू तयार भएर बस्नुपर्थ्यो ।

शास्त्रार्थ भनेको कुनै शास्त्रका विषयमा गरिने तर्कवितर्क हो । त्यसमा कमजोर परियो भने आफूलाई कसैले विद्वान् मान्दैन भन्ने मान्यता थियो ।

कतिसम्म हुन्थ्यो भने कुनै शहरमा कोही चर्चित छ भने त्यहाँ अन्यत्रबाट कोही आएर 'ल म तपाईंसँग शास्त्रार्थ गर्छु भन्यो भने त्यसका लागि तयार हुनुपर्थ्यो । शास्त्रार्थ गर्न सक्ने आधारमा व्यक्तिको मान बढ्ने वा घट्ने हुन्थ्यो।

कुनै पनि व्यक्तिले आफूलाई सधैं तयार अवस्थामा राख्नुपर्ने भएकोले जनै पूर्णिमाका दिन गुरुकहाँ गएर पहिले लिएको शिक्षा दोहोऱ्याउने चलन उस बेला रहेछजस्तो मलाई लाग्छ ।

'उपाकर्म'को विधि गर्दा ऋग्वेदीको सङ्कल्प यस्तो छ :

**'मम अध्याप्यानां च अधीतानाम् अध्येष्यमाणानां च छनदसां यातयामनिरासेना'**

यसको भावार्थ हो– 'मलाई पढाइने, मैले पढेका र मैले पढ्न खोजेका वेदका मन्त्रहरूको बासीपना हटाऊ ।

जनै त तीन–तीन महीनामा फेर्ने चलन छ । त्यस्तै जुठो पर्‍या वा सूतक पऱ्यो भने पनि जनै फेर्ने चलन छ। रक्षाबन्धन पनि घरमा पूजाआजा गर्दा अथवा रुद्रि पाठ गर्दा वा न्वारान आदि कर्ममा यस्तो डोरो बाँध्ने चलन छ। अचेल मानिसहरूले डोरो बाँध्ने भनेको जनैपूर्णिमाका दिनमा मात्र भन्ने बुझ्न थालेका छन्। यो बिलकुलै आंशिक बुझाइ हो। जनै फेर्ने र रक्षाबन्धन गर्ने भन्ने कुरा त 'उपाकर्म'मा गौण हो भन्दा पनि हुन्छ ।

रक्षा बाँध्ने प्रसङ्ग १७औं शताब्दीभन्दा अगाडिका ग्रन्थमा पाइएको छैन । त्यसले गर्दा जनै लगाउने चलन जति पुरानो हो, रक्षा बाँध्ने चलन त्यति पुरानो होइन। जनैको चर्चा पनि पहिलो पटक बौधायन धर्मसूत्रमा र वसिष्ठ धर्मसूत्रमा आउँछ। डोरो बाँध्दा भनिने मन्त्र **'येन बद्धो बली राजा दानवेन्द्रो महाबलः, तेन त्वां प्रतिबध्नामि रक्षे मा चल मा चल'** वैदिक संस्कृतमा नलेखी लौकिक संस्कृतमा लेखिएकाले पनि यो चलन पौराणिक हो, वैदिक होइन भन्ने देखाउँछ। अब हाम्रै कालमा रक्षा बाँध्ने चलनसँगै 'राखी' अर्थात् दिदीबहिनीले दाजुभाइलाई डोरो बाँध्ने चलन पनि आयो। त्यसैले जनै पूर्णिमामा डोरो बाँध्ने चलन पछि थपिएको हुनुपर्छ ।

**महिलालाई महत्त्व**

वहाँ फेरि थप्नुहुन्छ–जनै पूर्णिमाका दिन मुख्यरूपले ब्रह्माको पूजा गर्ने चलन छ । त्यस दिन ब्रह्मापछि पूजा गरिने भनेको सप्तर्षिको हो। सप्तर्षिमा कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वसिष्ठ पर्छन् । वसिष्ठकी पत्नी अरून्धतीको पनि त्यस क्रममा पूजा हुन्छ। ब्रह्मा र सप्तर्षिका साथै अरून्धतीको कुशको प्रतीक बनाएर पूजा गर्ने चलन छ । यी सबै प्रतीक बनाउन १२४ वटा कुशका डाँठ आवश्यक पर्छ । त्यसमा तलदेखि माथिसम्म काँचो धागोले बेर्ने गरिन्छ । हरेक डाँठमा तीनवटा सग्ला पात हुनुपर्छ । पचासवटा कुशले ब्रह्मा बनाएर तलदेखि शिखासम्म काँचो धागोले बेर्दै बाँध्ने गरिन्छ ।

त्यसैगरी १३ वटा कुशले ब्रह्माको एउटा र १२ वटा कुशले अर्को हात बनाइन्छ भने २५ वटाले उनको आसन बनाएर प्रतीक तयार पारिाछ। सातजना हरेक ऋषिको र अरून्धतीको तीन–तीन वटा कुशले बनाउँदा २४ वटाले प्रतीक तयार हुन्छ ।

यो पूजा विधिमा एउटा रोचक कुरा के छ भने त्यसको अन्त्य ऋषि परम्पराका ७० पुस्ता ऋषिको नाम उच्चारण गर्दै गर्नुपर्छ। त्यसका लागि शुक्ल यजुर्वेदका ५४ वटा मन्त्र एकएक गर्दै पढेर प्रत्येक मन्त्रपछि **'वेदोक्ता ऋषयस्तृप्यन्ताम्'** भनेर सङ्कल्प गर्नुपर्छ। यसको अर्थ 'वेदमा कहिएका ऋषि तृप्त होउन्' भन्ने हो। तर यहाँ ऋषिहरूको नाउँ अनौठो किसिमले लिइन्छ। उनीहरूलाई आमाको नामले पुकारिन्छ ।

जस्तो 'फलानीको छोरो' भनेर पहिले पुकारिन्छ अनि 'तृप्यन्ताम्' भनिन्छ । यस्तो सङ्कल्प गर्दा पिताको उल्लेख हुँदैन, माताको मात्र उल्लेख हुन्छ र ऋषिको नामको साटो 'फलानीको छोरो' भनिन्छ। यो हेर्दा जुन बेला यो चलन शुरू भयो त्यस बेला महिलालाई बढी महत्त्व दिइन्थ्यो जस्तो लाग्छ ।

**पढाइ र प्रकृति**

उनको वाणी उद्धरण गर्दा पढाइ र प्रकृति पनि जोडिएका विषय भएको कतिपय ग्रन्थमा उल्लेख गरिएका कुरा देखिन्छ । त्यस्ता कुरामा विशेषगरी वर्षासँग पढाइलाई जोडेको पनि पाइन्छ। जनै पूर्णिमा पनि बर्खामा पर्ने भएकोले त्यसलाई जोडेर कतिपयले हेर्ने गरेका छन्। ऋग्वेदको मण्डूकसूक्तमा यसबारे एउटा प्रसङ्ग छ । त्यसमा एक ठाउँमा वर्षा ऋतुमा भ्यागुताहरू टरटर गरेर कराउँछन्, जसरी बाहुनहरू वेद पढेर कराउँछन भनिएको छ ।

त्यस आधारमा 'उपाकर्म'लाई वर्षा ऋतुमा गर्ने कर्म र वैदिक अध्ययनसँग पनि जोड्न सकिन्छ । यसै प्रसङ्गमा नेवारहरूको एउटा परम्परा छ र त्यसलाई उनीहरू'ब्याञ्चा नकेगु' भन्ने गर्छन्। त्यस दिन अर्थात् जनै पूर्णिमाका दिन उनीहरू खेतमा गएर भ्यागुतालाई भात खुवाउँछन्। त्यो परम्परालाई पनि हामीले वैदिक अध्ययनसँग जोडेर हेर्न सक्छौं ।

नेवार समुदायले यो कार्य पनि जनै पूर्णिमाकै दिन गर्ने भएकाले कुनै न कुनै रूपमा यो पनि 'उपाकर्म'सँग जोडिएको हुनुपर्छ भन्ने मलाइ लाग्छ ।


अन्त्यमा उनी थप्छन्–जनै पूर्णिमामा पढाइ शुरू गरिने भए पनि यो अक्षरारम्भ भन्दा पनि वेदारम्भ वा वाङ्मयारम्भको दिन हो। अक्षरारम्भका लागि कुनै पनि लिपिको चलन चलेको हुनुपर्छ। 'उपाकर्म' त्यसरी लिपिसमेत नबन्दै श्रुति परम्पराकै बेलामा चलेको चलन जस्तो देखिन आउँछ। त्यसैले यो अति प्राचीन पर्व हो भन्न सक्छौं । तर पछि त्यसमा अनेकौं कुरा थपिँदै गए र पढाइको पर्वभन्दा यो अर्कै बन्न पुग्यो ।

पुराना ग्रन्थको अध्ययनले यो पर्व पढाइसँग जोडिएको देखाए पनि अहिले त्यसको अंश पनि बाँकी छैन । वैदिक अध्ययनको परम्परा त ईस्वी सन् शुरू हुनु अघिबाटै कमजोर बन्न थालेको सङ्केत विभिन्न शास्त्रमैं उल्लेख भएका कुराबाट थाहा पाइन्छ। त्यसले गर्दा पढाइको पर्वमा पनि विद्यारम्भको कुरा गौण हुन पुग्यो र जनै लगाउने कुरा मात्र बाँकी रह्यो। त्यसमा पनि डोरो बाँध्नेजस्ता अरू कुरा थपिए, जसरी हाम्रै जीवनकालमा 'राखी' भनेर दिदीबहिनीले दाजुभाइलाई डोरो बाँध्ने चलन फैलियो ।

## फरक समाचार

# हात झमझमाउने र सुन्निने किन हुन्छ

धेरैलाई एक्कासि हात खुट्टा झमझमाउन, सुन्न हुने समस्या हुन्छ । यसलाई प्रायः बेवास्ता गरिन्छ, तर यो धेरै गम्भीर रोगहरूको सङ्केत हुन सक्छ । तसर्थ यदि तपाईंले बारम्बार वा लामो समयसम्म हात र खुट्टा सुन्न महसूस गर्दै हुनुहुन्छ भने तुरुन्तै चिकित्सकसँग सम्पर्क गर्नुपर्छ।



भारतको फोर्टिस अस्पताल (फरीदाबाद)का न्युरोलोजी र प्रमुख न्युरोइन्टरभेन्सनका निर्देशक डा विनित बंगा भन्छन्–कहिलेकाहीं यो लक्षण खराब मुद्रा वा अस्थायी स्नायु कम्प्रेशनजस्ता सामान्य कारणले हुन सक्छ, तर यसको पछाडि गम्भीर न्युरोलोजिकल समस्या पनि हुन सक्छ। तसर्थ, यी लक्षणहरूबारे सचेत रहनुपर्छ। यदि यस्तो भइरहन्छ भने विशेषज्ञसँग परामर्श गर्नु महत्त्वपूर्ण हुन्छ ।

**हात र खुट्टा सुन्न हुनुको सामान्य कारण :** हात र खुट्टा सुन्निने धेरै कारण हुन सक्छ, अस्थायी अवस्थादेखि दीर्घकालीन विकारसम्म। केही सामान्य कारण यस्ता छन् :

**पेरिफेरल न्युरोपैथी :** पेरिफेरल न्युरोपैथी तब हुन्छ जब पेरिफेरल तन्त्रिका, जुन मस्तिष्क र मेरुदण्डबाट शरीरको बाँकी भागमा सङ्केतहरू पठाउँछ, क्षतिग्रस्त हुन्छ। मधुमेह यस अवस्थाको मुख्य कारण हो तर यो चोटपटक, सङ्क्रमण र विषाक्त पदार्थहरूको सम्पर्कबाट पनि हुन सक्छ।

**कार्पल टनल सिन्ड्रोम :** यो एक विशेष प्रकारको न्युरोपैथी हो, जसमा नाडीको मध्यवर्ती तन्त्रिका थिचिन्छ। यसले हात सुन्निने, झमझमाउने र कमजोरी हुन सक्छ र यदि यसको तत्काल उपचार गरिएन भने समयसँगै समस्या झन् बढ्न सक्छ ।

**भिटामिनको कमी :** बी १२, बी ६ र ई जस्ता भिटामिनको कमीले स्नायुमा क्षति पुऱ्याउन सक्छ, जसले हात र खुट्टा सुन्निने वा झमझमाउँछ । सन्तुलित आहार वा चिकित्सकले सिफारिश गरेको सप्लिमेन्ट सेवन गरेर यो कमीलाई रोक्न सकिन्छ ।

**मल्टिपल स्क्लेरोसिस (एमएस) :** यो एउटा पुरानो अटोइम्युन रोग हो जसले केन्द्रीय स्नायु प्रणालीलाई असर गर्छ, जसको कारण न्युरोलोजिकल लक्षणहरू जस्तै सुन्नपन र झनझन हुने गर्दछ। एमएसले मस्तिष्क र मेरुदण्डको नसालाई क्षति पुऱ्याउन सक्छ, जसले शरीरका विभिन्न भागमा संवेदनशीलता गुमाउन सक्छ ।

**सर्वाइकल रेडिकुलोपैथी :** यो अवस्था तब हुन्छ जब घाँटीको स्नायुमा दबाब हुन्छ, प्रायः हर्निएटेड डिस्क वा हाड स्पर्शको कारणले गर्दा हुन्छ। यसले दुखाइ, सुन्नपन र झनझनाहट निम्त्याउँछ जुन हातहरूमा फैलिन सक्छ ।

यद्यपि कहिलेकाहीं सुन्नपन हुनु चिन्ताको विषय होइन तर यदि यो बारम्बार हुन्छ वा लगातार हुन्छ भने, यसलाई बेवास्ता गर्नुहुँदैन । यदि अचानक दुवै हात र खुट्टामा सुन्नपन अनुभव गर्नुभयो भने यो एउटा गम्भीर समस्याको सङ्केत हुन सक्छ जसको लागि तत्काल मेडिकल चेकअप आवश्यक पर्दछ । यसबाहेक कमजोरी, हिंडडुल गर्न गाऱ्हो हुने वा मूत्राशय वा आन्द्राको नियन्त्रण गुम्नेजस्ता लक्षणहरू देखा परेमा तुरुन्तै चिकित्सकको सहयोग लिनु अति आवश्यक हुन्छ ।

# १५ पटक गर्भवती, ४४ सन्तानको जन्म

कुनै पनि विवाहित महिलाको लागि आमा बन्नु उनको जीवनको सबैभन्दा खुशीको अनुभव हो । अपार पीडा सहेर उनले सन्तानलाई जन्माउछिन् । युगान्डामा बस्ने एक महिलाको कथा थाहा पाउँदा भन्न सकिन्छ आमा बन्ने अनुभूति सबैका लागि सुखद हुँदैन ।



किनकि यी महिलाले ४४ वटा बच्चा जन्माएकी छिन् । अचम्मको कुरा ती महिला १५ पटक मात्रै गर्भवती भइन् । यति मात्र होइन उनका पतिले पनि महिलालाई छाडेका छन्। अहिले यी ४३ वर्षीया महिला एक्लै बसेर आफ्ना छोराछोरी हुर्काउँदै छिन् । ४४ बालबालिकामध्ये छजनाको मृत्यु भइसकेको छ । अफ्रिकी देश युगान्डामा बस्ने यी महिलाको नाम मरियम नबान्तान्जी हो, जसलाई मामा युगान्डा पनि भनिन्छ ।

मरियमको जन्म २५ डिसेम्बर १९८० मा भएको थियो । उनकी आमाले बच्चा जन्मेको ३ दिनमैं उनलाई र उनका ५ दाजुभाइलाई छोडेको गइन्। यस्तो अवस्थामा मरियमका बुवाले दोस्रो विवाह गरे, त्यसपछि उनकी सौतेनी आमाले खानामा शिशा मिसाएर आफ्ना भाइहरूलाई खुवाइन्, जसका कारण पाँचै जनाको मृत्यु भयो। मरियम त्यतिबेला आफन्तको घर गएकी थिइन् र उनी बाँचिन्। तर मरियमको भाग्य त्यति राम्रो थिएन। जब उनी १२ वर्षकी भइन्, उनको परिवारले उनलाई विवाहको नाममा कसैलाई बेचेको थियो । यसरी मरियमले १३ वर्षको उमेरमा पहिलोपटक बच्चालाई जन्म दिइन् । यसपछि मरियमले ३६ वर्षको उमेरसम्म कुल ४४ सन्तानलाई जन्म दिइन्। तर यसबीच छजनाको मृत्यु भइसकेको छ । यसरी, मरियमका कुल ३८ बच्चाहरू बाँचे, जसमध्ये २० केटा र १८ केटी छन् ।

विश्वभर मामा युगान्डा भनेर चिनिने मरियमको जेठो सन्तान ३१ वर्षको र कान्छो ६ वर्षको छ । मरियम ४० वर्षको उमेरसम्म गर्भवती भइन् र ४४ सन्तानलाई जन्म दिइन्। तर केही वर्ष अघि मरियमका पति घरको सबै पैसा लिएर भागेपछि सम्पूर्ण परिवारको जिम्मेवारी मरियमको काँधमा आयो । मरियम आफ्नो जीवनमा केवल १५ पटक गर्भवती भइन् । तथ्याङ्क अनुसार मरियमले पाँचपटक ४/४ सन्तानलाई जन्म दिइन्। यसपछि उनले पाँचपटक तीन सन्तान र चारपटक जुम्ल्याहा बच्चा जन्माइन्। अनि एक समयमा एकमात्र बच्चा जन्माएकी थिइन् । यसैले मरियमलाई मम्मा युगान्डाको रूपमा मात्र चिनिन्छ, उनी पृथ्वीको सबैभन्दा बढी प्रजनन महिला पनि मानिन्छिन् ।

मरियमले हरेक पटक ३–४ सन्तान कसरी जन्माउँछिन् भन्ने कुरा बुझ्न वर्षौं लाग्यो। यस्तो अवस्थामा उनी चिन्तित भइन् र चिकित्सककहाँ गइन्। चिकित्सकले जाँच गर्दा मरियमको अण्डाशय सामान्य महिलाको अण्डाशयभन्दा धेरै ठूलो भएको पाइयो। यो दुर्लभ अवस्थालाई हाइपरओभ्युलेशन भनिन्छ। डाक्टरहरूले पनि मरियममा कुनै असर नपर्ने भएकोले बच्चालाई रोक्न शल्यक्रिया गर्न नसकिने बताए ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# रूसी मिसाइल आक्रमण विफल बनाएको युक्रेनको दाबी



किएभमा मिसाइल प्रहारकै हाराहारी ड्रोन आक्रमण पनि देखिएको छ।–फाइल फोटो

किएभ, २ भदौ/एएफपी

युक्रेनी सेनाले राजधानी किएभमा भएको रूसी मिसाइल आक्रमणलाई विफल बनाएको बताएको छ। किएभमा आइतवार बिहानैदेखि हवाई आक्रमणको साइरन बजेको थियो।

"प्रत्येक आक्रममणको बीचमा छ दिनको स्पष्ट अन्तरालमा अगस्तमा राजधानीमा यो तेस्रो ब्यालिस्टिक मिसाइल आक्रमण हो"–किएभ शहर सैन्य प्रशासनले बिहानैको बमबारीपछि टेलिग्राममा पोस्ट गरेको छ।

मिसाइल आक्रमणका साथ ड्रोनहरू किएभतर्फ गएको देखिएको थियो। "दुश्मनका सबै ड्रोन शहरभन्दा धेरै टाढा नष्ट गरिएको छ"–पोस्टमा भनिएको छ।

आक्रमणबाट कुनै क्षति वा हताहतको सूचना प्राप्त नभएको उल्लेख गर्दै प्रशासनले भनेको छ–"सम्भवतः केएन-२३ प्रकारको उत्तर कोरियाली ब्यालेस्टिक मिसाइलहरूको प्रयोग गरिएको थियो।"

संयुक्त राज्य अमेरिका र सोलले उत्तर कोरियामाथि युक्रेन युद्धका लागि रूसलाई गोला–बारुद र मिसाइलहरू उपलब्ध गराएको आरोप लगाएका छन्।

किएभले बारम्बार पश्चिमका आफ्ना सहयोगीहरूसँग थप वायु–रक्षा प्रणाली उपलब्ध गराउन आह्वान गरेको छ। गत साता किएभ नजीकै रातभर भएको रूसी मिसाइल आक्रमणमा ३५ वर्षीय एक व्यक्ति र उनका चार वर्षीय छोराको मृत्यु भएको थियो। आक्रमणमा अन्य तीनजना गम्भीर घाइते भएका थिए।

रूसी भूभागमा युक्रेनको हालैको अग्रतालाई मस्कोले 'कडा प्रतिक्रिया' दिने वाचा गरेपछि चिन्ता अझ बढेको छ।

युक्रेनमाथि रूसी आक्रमणको साढे दुई वर्षपछि किएभका सैनिकहरूले गत साता कुर्स्क क्षेत्रमा ठूलो जवाफी आक्रमण गर्दा एक लाख २० हजारभन्दा बढी मानिस विस्थापित भएका छन्।

दोस्रो विश्वयुद्धपछि रूसी भूमिमा कुनै पनि विदेशी सेनाको सबैभन्दा ठूलो आक्रमणामा रूसको ११०० वर्गकिलोमटरभन्दा बढी क्षेत्र कब्जा गरेको युक्रेनको दाबी छ। रासस

# अमेरिकी विदेशमन्त्री ब्लिन्केन इजरायलमा

गाजा, प्यालेस्टिनी क्षेत्र, २ भदौ/एएफपी

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन आइतवार इजरायल आएका छन्। मध्यस्थहरूले गाजा युद्धविराम सम्झौतालाई बलियो बनाउन खोजिरहेका समय शनिवार हमासका एक वरिष्ठ अधिकारीले वार्तामा 'अमेरिकी निर्देशन' स्वीकार्य नहुने बताएका थिए।

अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूहको आक्रमणपछि गाजा युद्ध शुरू भए यता मध्यपूर्वको नवौं भ्रमणमा रहेका ब्लिन्केनले आगामी दिनमा कायरोमा युद्धविराम वार्ता शुरू हुनु अघि इजरायली नेताहरूसँग भेटघाट गर्ने अपेक्षा गरिएको छ। अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताले १० महीनाभन्दा लामो युद्ध अन्त्यका लागि वार्ता अघि बढिरहेको बताएका छन् भने अमेरिकी राष्ट्रपति जो बाइडेनले वार्ताका लागि 'हामी पहिलेभन्दा धेरै नजीक छौं' भनेका छन्।

यद्यपि, हमासका राजनीतिक ब्युरो सदस्य सामी अबु जुहरीले दोहामा दुई दिनसम्म चलेको वार्तापछि प्रगतिको सङ्केत 'भ्रम' भएको एएफपीलाई बताए।

उनले भने–"हामी कुनै सम्झौता वा वास्तविक वार्ताको सामना गरिरहेको नभई अमेरिकी निर्देशनबारे छलफल गरिरहेका छौं।"

महीनौंसम्म चलेको युद्धविराम वार्ताको क्रममा विगतमा देखिएका आशासमेत मरेका छन्।

जुलाईको अन्त्यतिर हमासका राजनीतिक प्रमुख इस्माइल हनियाहलगायत इरान समर्थित लडाकू नेताहरूको एकपछि अर्को गर्दै भएको हत्या र घेराबन्दीमा परेको गाजापट्टीमा पोलियोको प्रकोपसँगै मानवीय सङ्कट गहिरिँदै गएपछि यो खतरा बढेको छ।

मध्यस्थकर्ताहरूले युद्धरत पक्षबीच बाँकी खाडल कम गर्न प्रस्तावहरू अघि सारेको घोषणा गरेपछि हमासले इजरायलबाट आएको 'नयाँ शर्त' अस्वीकार गरेको र मे महीनाको अन्त्यमा बाइडेनले अघि सारेको योजना कार्यान्वयन गर्न आह्वान गरेको थियो।

ब्लिन्केन शनिवार राति तेल अविव प्रस्थान गर्नु अघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले हमासमाथि 'भारी दबाब' सिर्जना गर्न आह्वान गरेको थियो।

प्यालेस्टिनी समूहका साथै केही विश्लेषक र इजरायली प्रदर्शनकारीले नेतन्याहूले आफ्नो कट्टर दक्षिणपन्थी सत्तारूढ गठबन्धनको रक्षाका लागि सम्झौता गरेको आरोप लगाएका छन्।

"हामीसँग बन्धकहरूलाई रिहा गर्न, युद्ध अन्त्य गर्न त्यति इच्छुक नरहेका एकजना प्रधानमन्त्री हुनुहुन्छ किनभने उहाँको आफ्नै स्वार्थ छ"– गाजामा रहेका बन्दीहरूलाई घर फर्काउने सम्झौताको माग गर्दै तेल अविवमा हजारौंले र्‍याली निकालिरहेका बेला ५३ वर्षीय प्रदर्शनकारी योसीले भने। रासस

# थाई नरेशद्वारा सिनावात्रालाई औपचारिकरूपमा प्रधानमन्त्रीमा अनुमोदन

बैंकक, २ भदौ/एएनआई

थाई नरेश महा वजीरालोङ्कर्नले आइतवार मुलुकको आगामी प्रधानमन्त्रीका रूपमा पेन्टोगटार्न सिनावात्रालाई औपचारिकरूपमा अनुमोदन गरेका छन्।

सिनावात्राको नियुक्ति पछिल्लो साता थाई राजनीतिमा धेरै उतारचढावपछि भएको हो। यस अवधिमा संवैधानिक अदालतले सोही फेउ थाई पार्टीबाट उनका पूर्ववर्ती श्रेथा थाभिसिनलाई हटाएको थियो।

राजाको अनुमोदनसँगै अब पेन्टोगटार्न सिनावात्राले आधिकारिकरूपमा मन्त्रिपरिषद् गठन गर्नेछिन्। मन्त्रिपरिषद् गठन प्रक्रिया आगामी साताहरूमा हुने अपेक्षा गरिएको छ।

अल जजीराका अनुसार हालै थाई संसद्ले पेन्टोगटार्नलाई आगामी र थाइल्यान्डको सबैभन्दा कम उमेरको प्रधानमन्त्री बनाउन मतदान गरेको थियो।

संवैधानिक अदालतको फैसलाले श्रेथा थाभिसिनलाई हटाएपछि उनको स्थान पेन्टोगटार्नले लिएकी हुन्। उङ इङ उपनामले प्रसिद्ध पेन्टोगटार्न अर्बपति टाइकुन थाक्सिन सिनावात्राकी कान्छी छोरी हुन्। आफ्ना बुबा र फुपूपछि मुलुकको शीर्ष पद सम्हाल्ने उनी परिवारको तेस्रो सदस्य हुन्।

संसद्ले ३७ वर्षीया पेन्टोगटार्नलाई उनको फेउ थाई पार्टीको सत्तारूढ गठबन्धनले मनोनयन गरेको पुष्टि गरेको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



लाखे नाच प्रस्तुतः संखुवासभाको सदरमुकाम खाँदवारी बजारमा ढोलक बजाएर नेवार समुदायको परम्परागत लाखे नाच प्रस्तुत गर्दै स्थानीय युवा। परम्परा जोगाउन हरेक वर्ष खाँदवारी युथ क्लबले लाखे नाचमा युवा पुस्तालाई सक्रिय गराउँदै आएको छ। तस्बिरः सुजन बज्राचार्य/रासस

# एपेक्स म्यानेजमेन्ट कलेजलाई बिबिए कार्यक्रमको सम्बन्धन प्राप्त

प्रस, वीरगंज, २ भदौ/

एपेक्स म्यानेजमेन्ट कलेजले साउन १६ गते सुदूरपश्चिम विश्वविद्यालयबाट ६६ सिटको लागि बिबिए कार्यक्रमको सम्बन्धन प्राप्त गरेको छ।

कलेजले यसै शैक्षिक सत्रदेखि बिबिए कार्यक्रममा भर्नाको शुभारम्भ गर्दैछ। यस कार्यक्रमा भर्ना हुन कक्षा १२ मा कुनै पनि समूहबाट १.८० जिपिए प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्ने क्याम्पसका सञ्चालक समिति अध्यक्ष डा. दीपेन्द्रकुमार चौधरीले बताए।

विश्वविद्यालयले भदौ ३१ गते प्रवेश परीक्षा लिंदैछ। उक्त परीक्षामा सामेल हुन विद्यार्थीहरूले भदौ २५ गतेभित्र प्रवेश परीक्षा फाराम भरी सक्नुपर्ने अध्यक्ष डा चौधरीले बताए। प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीले बिबिए पढ्न पाउने र कलेजले भदौ १५ गतेदेखि प्रवेश परीक्षाको तयारी कक्षा सञ्चालन गर्ने उनले बताए।

कलेजले बिबिए कार्यक्रम अर्थात् ८ सेमेस्टरको लागि चार लाख पचास हजार रूपियाँ शुल्क निर्धारण गरेको छ भने विद्यार्थीहरूको सिकाइ सहज गर्नको लागि प्रथम सेमेस्टरमा हरेक विद्यार्थीलाई निश्शुल्क ल्यापटप दिनेछ। यसैगरी प्रत्येक सेमेस्टरमा न्यूनतम ३ वटा तालीम तथा सेमिनार सञ्चालन गरिने र यसले नयाँ युगको माग अनुसार व्यावहारिक ज्ञानसहितको शिक्षण पद्धतिलाई अगाडि बढाउन सहज हुने उनले बताए।

सो कलेजको सिस्टर कन्सर्न वीरगंज कलेजले कक्षा ११ तथा १२ मा पत्रकारिता पढ्ने पत्रकारहरूलाई विशेष छुटमा पत्रकारिता पढ्।इरहेको र पत्रकारका छोरा, छोरी वा स्वयं पत्रकारले बि.बि.ए. वा बि.बि.एस. कार्यक्रम पढ्न चाहेमा कलेजले सक्दो छुटको व्यवस्था मिलाउने अध्यक्ष डा चौधरीले बताए।

# तीन हजार बिन्दुबाट ओरालो लाग्यो नेप्से परिसूचक

काठमाडौं, २ भदौ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३४.४७ अङ्कले ओरालो लागेर २९६६.३३ मा सीमित भएको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ६.६५ अङ्कले ओरालो लागेर ५२८.८५ मा सीमित भएको छ। नेप्सेका अनुसार आज कुल छ करोड ५४ लाख ७५ हजार तीन सय ६६ कित्ता शेयर रु २८ अर्ब ८३ करोड ६९ लाख ९७ हजार ३७६ मा कारोबार भएको छ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ। राष्ट्रिय बीमा कम्पनी, लाइफ इनस्योरेन्स कर्पोरेशन, मल्टीप्रपोज फाइनान्स कम्पनी र सम्पदा लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै लिबर्टी इनर्जी कम्पनीका लगानीकर्ताले ९.९३ प्रतिशतले कमाएका छन्।

नेपाल फाइनान्स १०, सगरमाथा जलविद्युत् कम्पनी ८.५२, न्यादी हाइड्रोपावर ८.४६, शुभम पावर ७.७४ र मातृभूमि लघुवित्तका लगानीकर्ताले ७.५८ प्रतिशतले गुमाएका छन्।

# चौध खर्ब ४५ अर्ब विप्रेषण भित्रियो

काठमाडौं, २ भदौ/रासस

गत आर्थिक वर्ष २०८०-८१ मा रु १४ खर्ब ४५ अर्ब ३२ करोड बराबरको विप्रेषण मुलुकमा भित्रिएको छ। नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको विवरण अनुसार विप्रेषण आप्रवाहमा १६.५ प्रतिशतले वृद्धि भएको हो।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.५ प्रतिशतले वृद्धि भई १० अर्ब ८६ करोड पुगेको छ। आव २०७९-८० मा यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४,६०,१०३ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या २,८१,१९९ रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ४,९७,७०४ र २,७७,२७२ रहेको थियो। समीक्षा वर्षमा खुद ट्रान्सफर १४.७प्रतिशतले वृद्धि भई १५ खर्ब ७१ अर्ब २४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२.५ प्रतिशतले बढेको थियो।

# मूल्यवृद्धि ५.४४ प्रतिशत

काठमाडौं, २ भदौ/रासस

गत आर्थिक वर्ष २०८०-८१ को वार्षिक औसत मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको गत आर्थिक वर्षको देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार मूल्यवृद्धि वाञ्छित सीमाभित्र देखिएको हो। राष्ट्र बैंकका अनुसार गत आवमा आयात १.२ प्रतिशतले र निर्यात ३ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष आयात १६.१ प्रतिशतले र निर्यात २१.४ प्रतिशतले घटेको थियो।

गत आवमा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बढेर रु १४ खर्ब ४५ अर्ब ३२ करोड पुगेको छ।

### अधिकांश......

उग्रकान्त मिश्रको दाबी छ। बालबालिकाले न्यूनतम मात्रामा शिक्षक समेत नपाउनु विडम्बना भएको उनको भनाइ छ। जिल्लामा सबै तहका गरी १,३४,७९९ छात्रा र १,४२,५६१ जना छात्र गरी कुल २,७७,३६० छात्रछात्रा अध्यनरत छन्। तराईका जिल्लामा प्राविमा प्रतिशिक्षक ५० जना विद्यार्थी र मावि तहमा प्रतिशिक्षक अधिकतम ४० जना विद्यार्थी रहने सङ्घीय शिक्षा ऐनमा उल्लेख छ।

### क्वारेन्टाइन.........

काजसरुवाको पत्र मेरो कार्यालयमा नआएको बताए। केही साताअगाडि म पनि सरुवा भएको सुनेको थिए र पछि मन्त्रालयका सचिवले मन्त्रालयबाटै त्यहाँ काम गर्नुपर्छ भनेर मैले काम गरिरहेको स्पष्ट पारे। गाडी दुरुपयोगको विषयमा मन्त्रालयले बोलाएको बेला चितवन घर हुँदै काठमाडौं जाने गरेको छु, व्यक्तिगत प्रयोजनमा गाडी दुरुपयोग नगरेको उनले दावी गरे।

# पत्नीको हत्या

जलेश्वर (महोत्तरी), २ भदौ/रासस

महोत्तरी गाउँपालिका-१ सोनुखडा गाउँमा एकजनाले पत्नीलाई कुटपिट गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेल बताएका छन्। स्थानीय ४५ वर्षीय हबीब नदाफले ३६ वर्षीया रोशना खातुनको, कुटपिट गरी हत्या गरेका हुन्। पत्नीसँग भएको घरायसी झगडामा हबीबले शनिवार रोशनालाई निर्घात कुटेका थिए। समयमै उपचार नहुँदा निजको मृत्यु भएको प्रहरीको प्रारम्भिक अनुमान छ। रोशनाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइको छ। घटनापछि फरार भएका हबीब नदाफको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

हार्दिक शुभकामना
प्रतीक दैनिक ३७औं वर्ष पूरा गरी ३८औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
दिल्ली पब्लिक स्कूल परिवार
परवानीपुर गाउँपालिका-४, चैनपुर, बारा

# अल्पाइन माविद्वारा सामुदायिक श्रीपुरलाई टिसर्ट सहयोग


तस्वीरः सोजन्य



वीरगंज, २ भदौ ।

वीरगंज महानगरपालिका–११ स्थित अल्पाइन माध्यमिक विद्यालयले सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुरका पदाधिकारी र प्रहरीलाई टिसर्ट सहयोग गरेको छ ।

अल्पाइन माविका प्रधानाध्यापक विनोद उपाध्यायले जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी निरीक्षक नीता थापा, प्रहरी नायब निरीक्षक स्वप्निल देवकोटालाई टिसर्ट हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा अल्पाइन माविले आयोजना गरेको मेंहदी प्रतियोगितामा उत्तीर्ण छात्राहरूलाई सम्मानपत्र प्रदान गरिएको छ । मेंहदी लगाउने प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो, चौथो हुने छात्राहरूलाई जि.प्र.का. पर्साका प्रनि नीता थापाले सम्मानपत्र प्रदान गरेकी थिइन् ।

कार्यक्रममा सामुदायिक सेवा केन्द्र मुर्लीका सचिव कुलनारायण (दिलीप) प्रधान, सदस्यहरू प्रमिला शाही, रोशनी लुगेंली, ऐनुल हक देवान, निर्मल ताम्रकार मधु सिंह राजपूत, आजीवन सदस्य बृजेश अग्रवाल, प्रहरी हवल्दार सुभाषप्रसाद यादव, प्रहरी जवान राजु चौरसिया, अविनेश राय लगायत सहभागी थिए ।

# विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

प्रमोद यादव, पचागावाँ, २ भदौ/

पर्सागढी नगरपालिका–६ चैनपुरस्थित बिगा यादव हिरमतिया देवी आधारभूत विद्यालयमा चाइल्ड सपोर्ट अर्गनाईजेशन जापानको सहयोग र गणेश उज्जन (भुवन) स्मृति प्रतिष्ठान लाजिम्पाट, काठमाडौंको सहकार्यमा शैक्षिक सामग्री वितरण गरिएको छ ।


तस्वीरः प्रतीक

विद्यालयमा अध्यनरत दलित जेहेन्दार सीमान्तकृत छात्रछात्रा गरी दुई सयजनालाई शैक्षिक सामग्री कपी, कलम, पेन्सिल, इरेजर र फलफूल वितरण गरिएको थियो ।

कार्यक्रममा जापानबाट आएका संस्थाका पदाधिकारीहरूले शैक्षिक क्रियाकलापबारे जनचेतना प्रदान गर्नुको साथै चित्रकला, हस्तकला, खेलकूद, बाल मैत्रीपूर्ण वातावरण र प्रविधि शिक्षाबारे जानकारी लिएका थिए । कार्यक्रममा प्रतिष्ठान संयोजक गणेश लामा, जापानी संस्थाका पर्सा संयोजक हरिप्रसाद यादवलगायतको सहभागिता थियो ।

# क्लिनिकको उद्घाटन

प्रस, परवानीपुर, २ भदौ/

वीरगंज–४ बिर्तास्थित अरुणा क्लिनिक एन्ड डाइग्नोस्टिक इमेजिङ सेन्टर सञ्चालनमा आएको छ । शनिवारका दिन वप्रका बिर्ता अगाडि ६० लाख लगानीमा सो क्लिनिक सञ्चालनमा आएको क्लिनिकका सञ्चालक डा अक्षय द्विवेदीले जानकारी गराए । डा अक्षय रेडियोलोजिस्ट र निजकी पत्नी डा स्मिता उपाध्याय द्विवेदी स्त्री तथा प्रसूतिरोग विशेषज्ञ भएकाले संयुक्तरूपमा बहिरङ्ग सेवा र अल्ट्रासाउन्ड सेवा उपलब्ध गराउन सो क्लिनिक सञ्चालनमा ल्याएको उनले बताए ।


तस्वीरः प्रतीक

डा अक्षयकी आमा अरुणा द्विवेदीको प्रमुख आतिथ्यमा क्लिनिक उद्घाटन भएको थियो । सो अवसरमा डा राकेशकुमार झा, डा एनी पाण्डे, डा आनन्द द्विवेदीलगायतको सहभागिता थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |






# खेलकूदको संसार

## १०औं राष्ट्रिय खेलकूद प्रतियोगिताको लागि फाराम भर्न आग्रह

प्रस, वीरगंज, २ भदौ/

यसै वर्षको मङ्सिरमा कर्णाली प्रदेशमा आयोजना हुने १०औं राष्ट्रिय खेलकूद प्रतियोगितामा सहभागी हुने खेलाडीहरूलाई भदौ २० गतेसम्म फारम बुझाउन जिल्ला खेलकूद विकास समिति, पर्साले अनुरोध गरेको छ ।

मङ्सिर २–९ गतेसम्म कर्णाली प्रदेशमा १०औं राष्ट्रिय खेलकूद प्रतियोगिता हुन गइरहेकोले त्यसमा मधेस प्रदेशको पनि सहभागिता हुने र पर्सा जिल्लाबाट प्रतियोगिताको लागि इच्छुक खेलाडीहरूले नाम दर्ता गरी फारम भरी खेलकूद विकास समितिमा बुझाउन आग्रह गरिएको छ ।

२० गतेसम्म फाराम बुझाउने खेलाडीहरू प्रतियोगितामा सहभागी हुन पाउने छन् ।

## साफ यु २०: नेपालले श्रीलङ्कालाई हरायो

प्रस, वीरगंज, २ भदौ/

आजदेखि शुरू भएको साफ यु २० च्याम्पियनसीपमा नेपालले श्रीलङ्कालाई एक गोल अन्तरले पराजित गर्दै विजयी शुरूआत गरेको छ ।

एन्फा कम्प्लेक्स सातदोबाटोमा भएको खेलमा नीरज धामीले २४औं मिनेटमा गरेको गोल निर्णायक भयो । अब नेपालले भदौ ६ गते समूहको दोस्रो खेल बङ्गलादेशसँग खेल्नेछ । यस अघि श्रीलङ्का र बङ्गलादेशबीच खेल हुने र त्यसमा श्रीलङ्का पराजित भएको खण्डमा नेपाल एक खेल अगावै सेमिफाइनलमा पुग्नेछ । आजदेखि शुरू भएको साफ यु २० च्याम्पियन प्रतियोगितामा पाकिस्तानबाहेक दक्षिण एशियाका छवटा देश सहभागी छन् । दुई समूहमा शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । आइतवार समूह बीमा भारत र भुटानबीच खेल हुनेछ ।

# मुस्कान खातुनमाथि बनेको चलचित्र भदौ ७ गते प्रदर्शन हुने

प्रस, परवानीपुर, २ भदौ/

मुस्कान खातुनसहित तेजाब आक्रमणबाट बाँचेका पात्रहरूको जीवनीमा आधारित चलचित्र 'नमेटिने घाउ' भदौ ७ गतेदेखि प्रदर्शन हुने भएको छ । शनिवार आदर्शनगरस्थित होटल कन्ट्री इनमा पत्रकार सम्मेलन गर्दै चलचित्र निर्माताले चलचित्रबारे जानकारी गराएको छ ।



अभिनेता रमित ढुङ्गानाको निर्माण एवं निर्देशनमा निर्मित चलचित्र 'नमेटिने घाउ' मा वीरगंजकी मुस्कान खातुनसहित ३३ जना एसिड पीडितको कथा छ । विभिन्न समय र स्थानमा भएका एसिड आक्रमणको सत्य घटनालाई चलचित्रमार्फत पस्केर समाजमा सन्देश दिने उद्देश्यले फिल्ममा धेरै मेहनत र लगानी लागेको निर्देशक रमित ढुङ्गानाले बताए । तेजाब आक्रमणका कारण भोग्नुपरेका पीडा फिल्ममार्फत देखाएपछि समाजमा सकारात्मक परिवर्तन ल्याउनुका साथै एसिडसम्बन्धी नीति निर्माणमा पनि सघाउ पुग्ने उनले बताए ।

चलचित्रमा एसिड आक्रमण गर्नेहरूले पाउने दण्ड सजायलगायत विषय प्रस्ट देखाइएका कारण यस्ता घटनामा कमी आउने मुस्कान खातुनले बताइन् । शिवम् अधिकारीले लेखेको कथालाई ढुङ्गानाले नै निर्माण र निर्देशन गरेका हुन् । फिल्ममा प्रधानमन्त्री केपीशर्मा ओलीको भूमिका पनि छ । पूर्व प्रधानमन्त्री माधवकुमार नेपालसहित पूर्व शिक्षामन्त्री देवेन्द्र खनाल, प्रतिनिधिसभा सदस्य ज्ञानेन्द्र शाही, जिल्ला प्रहरी कार्यालय, पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल अतिथि कलाकारमा छन् ।

चलचित्रमा मुस्कान खातुन, प्राप्ति पौडेल, इभा गिरी, कमल देवकोटा, सन्दीपबाबू लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाई, उपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्रसिंह कुशवाहा, लालना चिमोरिया, स्वस्तिमा कार्की, लिजा कोरानी, एलिसा गुरुङ, सुरवीर पण्डितलगायतले अभिनय गरेका छन् ।

चलचित्रको ट्रेलर यस अघि नै सार्वजनिक भइसकेको छ, जसलाई धेरै दर्शकले रुचाएका छन् । दर्शकहरूले सकारात्मक प्रतिक्रिया दिँदै न्यायका लागि वकालत गर्न फिल्मबाट सघाउ पुग्ने निर्देशक ढुङ्गानाले बताए ।

# बौधिमाई मन्दिरमा मेला


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २ भदौ/

श्रावण शुल्क पक्ष चतुर्दशीका दिन वीरगंज घडीअर्वा अशोकवाटिकास्थित बौधिमाईको मन्दिरमा मेला लागेको थियो । मन्दिरमा भक्तजनले नारियल, खसी, बोका, हाँस, खुकुराको बलि चढाएका थिए ।

मन्दिरमा पहिलो पूजा मन्दिरका संस्थापक परिवारका गौरीशङ्कर साह कानू, लखनसाह कानू, अमर साहलगायतले गरेपछि अन्य भक्तजनको लागि मन्दिरको ढोका खोलिएको थियो ।

### यो सरकार....

दलतन्त्रविरुद्ध जनान्दोलनको तयारीमा जुट्न आहवान गरे ।

उनले युवाहरू विदेशमा मर्नुपर्ने स्थिति अन्त्य गर्नका लागि तेस्रो जनान्दोलनको विकल्प छैन भनी बताए । भ्रष्टाचारीहरू अहिले सम्मानित भइरहेका छन् तर स्वाभिमानी युवाहरू अपमानित हुनुपर्ने, विदेशमा मर्नुपर्ने अवस्था अन्त्य हुनैपर्छ । अध्यक्ष साहले भ्रष्टाचारीलाई जोगाउने, सम्मान गर्ने कामले देश कङ्गाल बन्दै गइरहेको बताए । आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि युवाहरू उठनैपर्ने उनको भनाइ थियो ।

अध्यक्ष साहले देशमा लोकतन्त्र कमजोर भएको बताउँदै दलाल दलतन्त्रका कारण अहिले युवाहरू देशमैं रोजगार नपाउने अवस्था आएको बताए । उनले लोकतन्त्रलाई पार्टीका नेताहरूले मिलेर मासे र दलतन्त्र ल्याए । आज दुई दल मिलेर त्यही दलतन्त्र मास्न लागिरहेको आरोप लगाए ।

अध्यक्ष साहले एमाले र काङ्ग्रेसको दुई दलीय सिन्डिकेटले लोकतन्त्र मात्रै नभई दलतन्त्र पनि खतरामा परेको टिप्पणी गर्दै उनले एमाले र काङ्ग्रेसको दुई दलीय सिन्डिकेट नतोडी देशको कल्याण नहुने बताए ।

डा. नवलकिशोर साहको अध्यक्षतामा भएको भेलामा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, महासचिव त्रिभुवन साह, उपमहासचिव चन्द्रभूषण साह, सचिव उमेश कुशवाहालगायतको सहभागिता थियो ।

### प्रतीक दैनिकका ....

मुद्दाहरूलाई उठाउँदै आएको बताए ।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले अनलाइन पत्रकारिताको तुलनामा अहिले पनि लेखन पत्रकारिताको छुट्टै पहिचान रहेको बताए । उनले लेखन पत्रकारिता भविष्यको दस्तावेज हुने तर अनलाइन पत्रिकाहरू भने सो अनुरूपको नभएको बताए । उनले समाचार पस्कने र हटाउने कार्य गरेर अहिले पत्रकारितामा अनलाइनहरूले विकृति देखाएको र यसमा सुधार हुनुपर्ने बताए । कार्यक्रममा स्वागत गर्दै प्रतीक दैनिकका प्रधान सम्पादक जगदीशप्रसाद शर्माले पत्रकारिता नेपालमा विकसित भएको सय वर्ष बढी भयो तर २०४६ सालको आन्दोलनपछि व्यावसायिक पत्रकारिता शुरू भएको बताए । उनले अहिले पनि पूर्णरूपमा नेपाली पत्रकारिता व्यवसायिक हुन नसकेको बताए ।

कार्यक्रम प्रतीक प्रकाशन समूहका अध्यक्ष बिन्दु शर्माको अध्यक्षतामा भएको थियो भने सहजीकरण प्रताप श्रेष्ठले गरेका थिए ।


## सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालमा आउने झूटा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड